**सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरु**

- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजीक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारीसाधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com

**जनहितमा जारी सन्देश**

- अहिले सौर्य–आँधी चलेकोले प्रचण्ड गर्मी बढेको छ ।
- सौर्य–आँधी आफैंमा नराम्रो होइन, तर मध्याह्नमा बाहिर निस्कँदा यसको दुष्प्रभाव नराम्रो हुन्छ ।
- केही दिन सकभर मध्याह्नमा बाहिर ननिस्कौं । निस्कनै परे पर्याप्त मात्रामा पानी वा फलफूलको शर्बत वा कागती पानी खाएर निस्कौं ।

**वीरगंज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ जेठ २५ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 June 07 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २७५

## हावाहुरीले पर्साका विभिन्न स्थानमा व्यापक क्षति
## सडक अवरुद्ध, विद्युत् आपूर्ति ठप्प



तस्वीरः प्रतीक

प्रस, वीरगंज, २४ जेठ/

बिहीवार बिहान एक बजेतिर आएको हावाहुरीले पर्साका विभिन्न स्थानमा व्यापक क्षति भएको छ र सडक तथा विद्युत् आपूर्ति ठप्प भएको छ ।

वीरगंज महानगरपालिका वडा नं २६ अठराहा निवासी युनिस मियाँ अन्सारीको घर भत्काएको छ। सो क्षेत्रमा अन्य व्यक्तिहरूको फुसको घरमा पनि निकै क्षति भएको छ ।

**प्रस, सेढवा/**

बिहीवार बिहान १ बजे आएको हुरीले थरूहट क्षेत्रको विद्युत् आपूर्ति ठप्प भएको छ। रातिदेखि बिहीवार साँझसम्म विद्युत् आपूर्ति भएको छैन । फ्युज सेवा सुवर्णपुरका प्रमुख रामलाल साहले वडा नं ३ निर्मलबस्तीमा दुईवटा हाई एक्स्टेन्सन लाइनका पोलहरू ढलेको बताए । उनले वीरगंजबाट पोखरिया र सेढवा सबस्टेशनमा आउने ३३ केभिए लाइन प्रभावित भएका कारण विद्युत् अवरुद्ध भएको बताए। उनले वीरगंजमा नै ३३ केभिए लाइनमा समस्या भएको कारण पर्साका ग्रामीण क्षेत्रमा पनि विद्युत् आपूर्ति हुन नसकेको र त्यहाँ सुचारु हुने बित्तिकै विद्युत् आपूर्ति नियमित हुने बताए ।

**नरेश यादव, पर्सागढी/**

हिजो राति आएको हावाहुरीले पर्सागढी नगरपालिकाका अधिकांश वडामा रहेका कच्ची घरमा क्षति पुगेको छ । दलित टोलका घरहरू पूर्णरूपमा क्षति भएको स्थानीय पप्पु रामले बताएका छन् ।

यस्तै, वीरगंज महानगरपालिका नगवा निवासी मनिर मियाँले पर्सागढीमा आँपको बगैंचा भाडामा लिएर आँपखेती गरिरहेकामा हावाहुरीले सबै आँप झरेपछि उनी मर्कामा परेका छन् ।

**प्रमोद यादव, पंचगावाँ/**

गएराति आएको हावाहुरीका कारण सखुवाप्रसौनी गाउँपालिका–२ प्रसौनी टोलमा रूख ढलेपछि आवागमन अवरुद्ध भएको छ ।

त्यस्तै, वीरगंज–जानकीटोला सडकखण्डको डोकैला बहुअरीमा पनि रूख र विद्युतीय पोल खस्दा आवागमनमा कठिनाइ भएको हो ।

सखुवाप्रसौनी गापा–१ स्थित भोलेशङ्कर आधारभूत विद्यालयको दुई कोठे भवनको छाना हुरीले उडाएको छ। हुरीले छाना उडाएपछि सो विद्यालयमा अध्ययनमा कठिनाइ भएको छ ।

**बलिराम शुक्ला, बिरुवागुठी/**

गएराति आएको भीषण हावाहुरीका कारण पर्सागढी नगरपालिकालगायत ग्रामीण भेगमा निजी तथा सार्वजनिक सम्पत्तिमा क्षति पुगेको छ ।

हावाहुरीका कारण विशेषगरी खर र टायलको छानो भएका सयौं घरमा ठूलो छति पुगेको छ भने दर्जनौं विद्युत् पोलहरू भाँचियर खस्दा पर्सागढी नपालगायत ग्रामीण भेगमा सडक अवरुद्ध हुनुका साथै रातिदेखि नै विद्युत् आपूर्ति अवरुद्ध भएको छ ।

जीतपुर–रङ्गपुर जनता सडकखण्डको सथवल गाउँनजीक दुईवटा विद्युत् पोल जनता सडकखण्डमा खस्दा आज दिनभरजसो सो सडकखण्ड भएर चल्ने ठूला सवारीसाधनहरू चल्न सकेनन् । त्यसैगरी, मनवादेखि तेलिया एकटाँगा हुँदै श्रीपुर बजार जाने सडकखण्डमा पनि आधा दर्जनभन्दा बढी विद्युत् पोल र रूखहरू ढल्दा सो सडकखण्ड भएर चल्ने सवारीसाधनहरू अवरुद्ध भए ।

ढलेका पोलहरूलाई विद्युत् प्राधिकरणले हालसम्म पनि नहटाएकाले पोल र तारहरूका कारण सडक दुर्घटना हुन सक्ने देखिएको छ ।

**विद्युत् अवरुद्ध**

बिहीवार बिहान आएको हावाहुरीले पर्सा जिल्लाका विभिन्न स्थानमा विद्युत्का पोल र ट्रान्सफर्मर ढालेको छ। विद्युत्का पोल र ट्रान्सफर्मर ढल्दा बिहीवार राति १ बजेदेखि पर्साका विभिन्न स्थानमा विद्युत् अवरुद्ध भएका छन् ।

नेपाल विद्युत् प्राधिकरण वीरगंज वितरण केन्द्रका प्रमुख अवधेशकुमार दुबेका अनुसार आँधीहुरीले वीरगंज महानगरका विभिन्न स्थानमा गरी करीब २५ वटा विद्युत् पोल भाँचिएर ढलेका

(बाँकी अन्तिम पातामा)

## मधेस प्रदेशको मुख्यमन्त्रीमा जनमतले दाबी गर्ने सम्भावना प्रबल

प्रस, वीरगंज, २४ जेठ/

मधेस प्रदेशको मुख्यमन्त्रीका लागि शुक्रवार बिहान १० बजेसम्म दाबी पेश गर्न प्रदेश प्रमुख सुमित्रादेवी भण्डारीले आह्वान गरेकी छन् ।

प्रदेश प्रमुखको कार्यालय जनकपुरका निमित्त कार्यालय प्रमुख शत्रुघ्न यादवले प्रेस विज्ञप्ति जारी गर्दै बिहीवार बिहान १० बजेसम्म मधेस प्रदेशको मुख्यमन्त्री पदमा नियुक्त गर्ने प्रयोजनका लागि आआफ्नो दाबी पेश गर्न प्रदेश प्रमुखहरूलाई आह्वान गरेको छ ।

बुधवार मुख्यमन्त्री सरोज यादवले विश्वासको मत नपाएपछि मधेस प्रदेशमा नयाँ सरकार गठनको तयारी शुरू भएको छ। मधेस प्रदेशसभामा १०७ सदस्य छन् र बहुमतको लागि ५४ जना आवश्यक हुन्छ। हिजोको विश्वासको मतमा एमाले, माओवादी केन्द्र, जनमत पार्टी र नेकपा एकीकृत समाजवादीलगायत नागरिक उन्मुक्ति पार्टी, नेपाल सङ्घीय समाजवादीका सांसदहरू गरी ५४ जनाले विपक्षमा मतदान गरेका थिए ।

यस हिसाबले विपक्षमा मतदान गर्नेहरूको बहुमत देखिएको छ। पछिल्लो चलेको हल्ला अनुसार जनमत पार्टीले मधेस प्रदेशमा मुख्यमन्त्रीमा दाबी गर्ने सहमति भएको बताइन्छ। यसका लागि जनमत पार्टीले बिहीवार संसदीय दलको नेता परिवर्तन गरेको छ । महेश यादव यसअघि जनमत पार्टीको संसदीय दलका नेता थिए भने अहिले सतीश सिंह संसदीय दलका नेता बनेका छन्। यादव र सिंह सप्तरीबाट प्रदेशसभा सदस्यमा निर्वाचित हुन् । प्रदेशसभामा विश्वासको मतको विपक्षमा एमालेका २५, जनमतका १३, माओवादीका नौ, नेकपा एसका सात र नागरिक उन्मुक्ति पार्टी तथा नेपाल सङ्घीय समाजवादी पार्टीका एक/एक गरी ५४ जना सदस्य थिए ।

यसैगरी, नेपाली काङ्ग्रेसका २२, जसपाका १९, लोसपाका आठ र राप्रपाको एक गरी ५० जना हिजो पक्षमा देखिएका थिए । मधेस प्रदेशको मुख्यमन्त्रीको लागि शुरूमा एमालेको दाबी थियो तर पछिल्लो राजनीतिक घटनाक्रम अनुसार जनमत पार्टीले आफूले मुख्यमन्त्री पाउने भएपछि मात्र समर्थन दिने देखिएपछि जसपा नेपाल नेतृत्वको मुख्यमन्त्री हटाउन एमालेले जनमत पार्टीलाई नेतृत्व दिन तयार भएको हो ।



मुख्यमन्त्रीका सम्भावित दाबेदार सतीश सिंह

## सङ्घीय सरकारको सिंचाइ योजना सात वर्षदेखि अलपत्र

ओमप्रकाश चौधरी, सेढवा, २४ जेठ/

पर्सामा सिंचाइका लागि सङ्घीय सरकारले ल्याएको योजना सात वर्षदेखि सो योजना अलपत्र अवस्थामा छ । मानवबस्तीबाट १७ किलोमिटर टाढा जङ्गलभित्र रहेको सो खोलाबाट पानी खोलामा पक्की साइफन (अन्डरग्राउन्ड कुलो)समेत निर्माण गरिएका छन्। जङ्गलभित्रभन्दा बाहिर



अलपत्र छ । पर्सा राष्ट्रिय निकुञ्जमा रहेको घोडेमसान खोलाबाट सिंचाइका लागि पानी ल्याउने योजना अलपत्रमा परेको हो ।

जीराभवानी र ठोरी गाउँपालिका अन्तर्गतका खेतीयोग्य जमीन सिंचाइका लागि सो सिंचाइ आयोजना करीब १८ करोड रुपियाँको लागतमा निर्माण हुने योजना थियो। तर विगत सात वर्षदेखि ल्याउन जङ्गल भित्र र बाहिर कुलो निर्माण कार्य आर्व २०७३/७४ मा सम्पन्न गरिएको निर्माण समितिका सचिव सूर्य कोइरालाले बताए। सो आवमा निकुञ्जभित्र कुलो निर्माण कार्यको लागि ६५ लाख र बाहिर कुलो निर्माण कार्यको लागि ८५ लाख रुपियाँ लगानी भएको सचिव कोइरालाले बताए। कुलोको कतिपय स्थानमा पर्ने ठोरी गाउँपालिका वडा नं ५ मा पर्ने गडुवालाइन, क्षेत्रीलाइन, छिरिङलाइन, सुवर्णपुर, प्रधानटोल, बथेटोललगायतका क्षेत्रमा कुलो निर्माण गरिएको छ। यसका साथै डिभिजन वन कार्यालय, पर्सा अन्तर्गतका वनमा र जीराभवानी गाउँपालिकामा पर्ने शान्तिनगर, हरैया, काठमाडौंटोल, वसन्तपुर, सखुवनिया क्षेत्रमा कुलो निर्माण गरिएको छ । सो समयमा निर्माण गरिएको करीब ४० किलोमिटरभन्दा बढी लामो कुलो पुरिएर समथर बनेको शान्तिनगरका रविमोहन सापकोटाले बताए । सिंचाइ योजनाको काम बन्द हुँदा यस क्षेत्रका किसानहरू निराश भएका सापकोटाले बताए ।

पानी नपरेर खडेरी परेको बेला ठूलो रकम खर्च गरी सिंचाइ गर्ने झन्झटबाट मुक्ति पाउने आसमा यहाँका किसानहरू छन् । तर कछुवाको चालमा भइरहेको निर्माण कार्यले किसानहरू निराश छन्। यो योजना पूर्ण भएमा करीब एक हजार पाँच सय हेक्टर जमीनका एक हजारभन्दा बढी किसान लाभान्वित हुनेछन्। सिंचाइ डिभिजन कार्यालय, पर्साका तत्कालीन प्रमुख राजकुमार खड्गले यस योजनाको निर्माण कार्य शुरू गराएका थिए ।

तर खड्गको सरुवा भएपछि सिंचाइ डिभिजन कार्यालयले कुनै वास्ता नगरेको निर्माण समितिका सदस्य भीमबहादुर पाख्रिनले बताए। योजनाको बाँकी कार्यको लागि थप बजेट विनियोजनका लागि प्रदेश

(बाँकी अन्तिम पातामा)

## पचरौतामा ५८ जनाद्वारा रक्तदान




प्रस, वीरगंज, २४ जेठ/

बाराको पचरौता नगरपालिका बेनौलीमा बिहीवार स्वास्थ्य शाखाले आयोजना गरेको रक्तदान कार्यक्रममा ५८ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक जीतेन्द्र कुशवाहाले बताए ।

रक्तदान कार्यक्रममा जीतेन्द्र पटेल, सुरेन्द्र साह, सोनु सिंह, राधेश्याम पडित, कन्हैया यादव, पुरुषोत्तम पटेल, विनोद सिंह, नूर आलम बादशाह, दिलीप पटेल, धर्मेन्द्र गुप्ता, कामेश्वर राउत कुर्मी, श्यामबाबू साह कानू, महम्मद अतिउल्लाह अन्सारी, सुनील साह, गङ्गा राम, मनोहर गिरीलगायतले रक्तदान गरेका प्राविधिक कुशवाहाले जानकारी गराए ।

## विचारसार र सूक्तिहरू

**सबै दिन राम्रो नहुन सक्छ, तर प्रत्येक दिन केही न केही राम्रो अवश्य हुन्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# यसरी ढल्यो मधेस सरकार

**मधेस प्रदेश सरकारको नेतृत्वबाट जनता समाजवादी पार्टी नेपाल साढे छ वर्षको शासनसत्ताबाट हटेको छ । मुलुक सङ्घीयतामा गएपछि २०७४ सालको पहिलो आमनिर्वाचनबाट मधेस प्रदेशको नेतृत्व जनता समाजवादी पार्टी नेपालले सम्हाल्दै आएको थियो । जसपाबाट मधेस प्रदेशको पहिलो मुख्यमन्त्री लालबाबू राउत गद्दी भएका थिए । उनको पाँच वर्षे अवधिमा तत्कालीन नेकपा (एमाले/माओवादी केन्द्र) नेतृत्वको सरकारमा जसपा सहभागी भएकोले तीन वर्ष केही भएन । त्यसपछि नेकपाको एउटा घटक एमालेका अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले दुईपटक संसद् विघटनको सिफारिश गरे अनि तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले ओलीको सिफारिशमा दुईपटक संसद् विघटनको सिफारिशलाई स्वीकार गरेकी थिइन् । तर सर्वोच्च अदालतले नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउने गरी आदेश दिएपछि नेकपाको सरकार ढलेको थियो । एमाले अध्यक्ष ओलीले संसद् विघटनको सिफारिश गरेपछि नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले नेपाली काङ्ग्रेससँग सहकार्य गरेका थिए ।**

**त्यसपछि प्रधानमन्त्री बनेका देउवाको पालामा माधवकुमार नेपालले एमाले टुक्र्याउँदै नेकपा एकीकृत समाजवादी बनाए अनि देउवासँग गठबन्धन बनाए । यसैगरी, जसपा पनि सरकारमा रह्यो । जसपा सरकारमा भएकोले मधेस प्रदेश सरकार टिकिरह्यो भने अन्य प्रदेशका सरकारहरू परिवर्तन भए । देउवासँगको गठबन्धनमा माओवादी केन्द्र, नेकपा एस, जसपासहितले गत २०७९ सालको आमनिर्वाचन सहकार्यमा लडे । त्यसको परिणाम सार्वजनिक भएसँगै देउवाले गठबन्धनको सरकार दुई वर्ष चलाएर माओवादी केन्द्रका अध्यक्ष प्रचण्डको नेतृत्वमा गठबन्धनको सरकार बनाउन नचाहेका र आफ्नै नेतृत्वमा सरकार रहिरहनुपर्ने अडान राखेपछि प्रचण्ड एमाले अध्यक्ष ओलीको शरणमा पुगेर आफ्नो नेतृत्वमा सरकार बनाएका थिए । नयाँ सरकार बनेसँगै प्रदेश सरकार पनि यो गठबन्धनको सहभागितामा बनेको थियो ।**

**एमाले, माओवादी केन्द्र गठबन्धनमा राष्ट्रिय स्वतन्त्र पार्टीसँग जसपा पनि सहभागी भएकाले मधेस प्रदेशमा जसपा नेतृत्वमा सरोजकुमार यादव मुख्यमन्त्री बनेका थिए । त्यसपछि राष्ट्रपतिको निर्वाचनमा एमालेलाई राष्ट्रपतिको भाग दिन प्रचण्ड कुनै पनि शर्तमा मानेनन् र अन्ततः दुई महीनामा यो गठबन्धनको सरकार पनि ढल्यो । दुई महीना अघि प्रचण्डलाई प्रधानमन्त्री बन्न नदिने र आफैं प्रधानमन्त्री बन्ने अडानमा रहेका देउवा, प्रचण्डलाई प्रधानमन्त्री बनाउन सहमत भए र फेरि पुरानो गठबन्धन ब्यूँतियो । त्यसमा पनि जसपा समावेश भएको हुनाले छवटा प्रदेशका मुख्यमन्त्री फेरिए तर मधेस प्रदेशका मुख्यमन्त्री यादव नै रहे । देउवासँगको सहकार्य फेरि तीन महीना अघि फेरियो र एमालेसँग प्रचण्ड नेतृत्वमा नै अर्को समीकरण बन्यो । यो समीकरणमा पनि जसपा नेपाल सहभागी भएकोले अन्य प्रदेशका मुख्यमन्त्रीहरू फेरिए तर मधेस प्रदेशका मुख्यमन्त्री यादव भने पटकपटक गरी चारपटक विश्वासको मत लिएर नेतृत्वमा टिकिरहे । यसबीचमा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव आलोपालो प्रधानमन्त्री हुने दाउमा लागे र समीकरणविरुद्ध नेकासँग सामीप्यता देखाउन पुगे । यो खेलको भण्डाफोर नेकपा एसका माधवकुमार नेपालले गरे । भागबन्डामा पहिलो नम्बरमा उनी थिए । त्यसपछि जसपा नेपाल नै फुटाउने काम भयो, सरकारबाट हटाइयो र त्यसैको परिणाम हिजो मधेस प्रदेशका मुख्यमन्त्री यादवले विश्वासको मत पाएनन् र सरकार ढल्यो ।**

# मधेसी दलको वामपन्थी मोह र समाजवादी मोर्चा

स्वतन्त्र विचार



श्रीमन्नारायण

an_shriman@yahoo.com

**राजनीतिमा सधैं भूतकाल र भविष्यको कुरा गरिन्छ । उसले केही पनि गरेन तर म सबैथोक गरेर देखाइदिन्छु । सत्तामा पुगेपछि सहयोगी दल र परिस्थितिले काम गर्न दिएन भन्ने जवाफ दिइन्छ । नेपाली जनता आजसम्म यसै आश्वासनमा बाँच्दै आएको छ र आफ्नो नेतामाथि पत्यार गर्दै आएको छ ।**

नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी नेपाल र नेत्रविक्रम चन्दको पार्टी मिलेर बनेको समाजवादी मोर्चाले सहकार्यमार्फत आफ्नो सहयात्रालाई गन्तव्यसम्म लैजाने प्रण गरेका थिए । गन्तव्य के थियो ? त्यो मात्रै स्पष्ट थिएन । यस समाजवादी मोर्चामा सामेल दलहरू स्वभावतः वामपन्थी विचारधाराका नै हुन् । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव पनि छन् र सम्भावना उत्पन्न हुने बित्तिकै वामपन्थी कित्तामा उभिन बेर लगाउँदैनन् । समाजवादी शब्द सुन्नमा राम्रो लाग्छ, त्यो स्वयंमा राम्रो राजनीतिक दर्शन पनि हो । तर व्यवहारमा यसलाई आजसम्म न त उतार्न सकिएको छ, न त सम्भव नै छ । किनभने वर्तमान अवस्थामा औंलामा गन्न लायक देशबाहेक विश्वका प्रायःजसो देशहरूले आर्थिक खुलापन र उदारवादको नीति नै अवलम्बन गरिरहेका छन् । समाजवादी मोर्चा गठनको मुख्य उद्देश्य भनेको आफ्ना समर्थक, कार्यकर्ता, मतदाता र शुभेच्छुकलाई भ्रममा राख्नु थियो । एक वर्षकै अवधिमा मधेस प्रदेशको नेतृत्व गर्दै आएको जसपा नेपाल गठबन्धनको सरकारबाट नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीको बहिर्गमन र विश्वास मतका दौरान समाजवादी मोर्चामा सामेल उपरोक्त दुई दलले सरकारको विपक्षमा मतदान गरेर जसपा नेपालको सरकारलाई अपदस्थ हुनमा सक्रिय भूमिका निर्वाह गर्नुको तात्पर्य बुझिएन । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव अझै समाजवादी मोर्चामैं छन् कि त्यहाँबाट बाहिरिएका छन् ? त्यो प्रस्ट छैन । न त समाजवादी मोर्चाले नै उनलाई निकालेको छ, न त स्वयम् उपेन्द्र यादवले आफ्नो सम्बन्धताबारे स्थिति प्रस्ट पारेका छन् । यस्तोमा समाजवादी मोर्चाको औचित्यमाथि प्रश्न उठ्नु अस्वाभाविक होइन । कथंकदाचित उपेन्द्र यादव नेतृत्वको जसपा नेपाललाई मोर्चाबाट 'किकआउट' गरी अशोककुमार राई नेतृत्वको जसपालाई भित्र्याइसकिएको हो भने त्यो बेग्लै कुरा हो । तर मोर्चाका संस्थापक मधेसको एक दललाई यसरी अपमानपूर्वक आफ्नो मोर्चाबाट बाहिर गर्नु अन्याय हो । उपेन्द्र यादवका मतदाता, समर्थक र शुभेच्छुकहरू लोकतान्त्रिक विचारधारामा विश्वास राख्छन् तर उपेन्द्र यादव स्वयम् नै वामपन्थीसितको सम्बन्ध–नातालाई त्याग गर्न चाहँदैनन् । जसपा नेपालको मधेस प्रदेश सरकार साढे छ वर्षपश्चात् सत्ताच्युत भएको छ । जसपा नेपाल केवल सत्ताच्युत मात्रै भएको छैन, अब मधेस प्रदेशका सांसदहरू पनि नवगठित जनता समाजवादी पार्टीतिर लाग्न सक्नेछन् । पद र सत्ता नै राजनीतिको एकमात्र लक्ष्य हो भन्ने सोचका साथ नेपालमा राजनीति भइआएको परिप्रेक्ष्यमा जसपा नेपाल सरकारबाट बाहिरिएपछि अब उसका प्रादेशिक सांसदहरूले सरकारमा सामेल हुन आफ्ना निजीस्तरबाट प्रयास गर्ने सम्भावनालाई खारेज गर्न सकिंदैन ।

नेपालका लोकतान्त्रिक दलहरूले पटकपटक जसपा नेपाललाई आफ्नो मोर्चामा राख्न प्रयास गरेका हुन् । तर जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले भने लोकतन्त्रवादी दलहरूमाथि विश्वास नगरी पटकपटक वामपन्थी कित्तातिर नै आफूलाई डोर्याए । जबकि यसपटक पनि जसपा नेपालको मधेस प्रदेशका मुख्यमन्त्रीलाई नेपाली काङ्ग्रेस, लोकतान्त्रिक समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले नै विश्वासको मत दिएको हो । देशका सारा कम्युनिस्ट पार्टी जसपा नेपालको विपक्षमा उभिएको देखिन्छ ।

२०७४ सालमा भएको आमनिर्वाचनमा मधेस प्रदेशको जनताले सङ्घीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टीलाई पाँच वर्षसम्म सरकार चलाउन मतादेश दिएको थियो । तर उपेन्द्र यादव नेतृत्वको दलले केवल राजपा नेपाललाई सरकारबाट मात्रै बाहिर गरेन, अपितु राजपामा विभाजन ल्याइ त्यसलाई कमजोर बनाउने काम पनि गर्यो । यो बेग्लै कुरा हो कि उपेन्द्र यादवले जसजसलाई राजपाबाट फोरममा ल्याएका थिए, त्यसमध्ये अधिकांशले जसपा नेपाललाई पनि परित्याग गरिसकेका छन् । उपेन्द्र यादव नेतृत्वको दललाई सन् २०२० मा विभाजित गर्ने प्रयास भएको थियो तर राजपाले आफ्नो दलसँग एकता गरी जसपा नेपाललाई विभाजित हुनबाट रोकेको थियो । तर राजापाको यस गुणलाई जसपा नेपालले विभाजन गरी चुक्ता गरेको थियो । यस वर्ष पनि जसपा नेपालले वामपन्थी दलहरूबाट धोका खाएपछि मात्रै लोकतन्त्रवादी दलहरूको समर्थनलाई आवश्यक ठानेको हो र समर्थन प्राप्त पनि गरेको हो । आशा गरौं, आगामी दिनमा जसपा नेपालले वामपन्थी दलहरूसित आफ्नो घनिष्टतामा कमी ल्याउनेछ । यद्यपि वामपन्थी दलहरूका कारण जसपा नेपालले भोग्नुपर्ने क्षतिको तत्काल भरपाई सम्भव छैन । वामपन्थी दलहरूको सहयोग एवं समर्थनमा जनमत पार्टीको नेतृत्वमा नयाँ सरकार अस्तित्वमा आउने सम्भावना देखिन्छ । वामपन्थी पृष्ठभूमिबाट आएका कारण उपेन्द्र यादवको माओवादीलगायतका वामपन्थी दलहरूसित घनिष्ठ एवं बाक्लो सम्बन्ध थियो । तर जनमत पार्टीका अध्यक्ष चन्द्रकान्त राउत लोकतन्त्रवादी पृष्ठभूमिका हुन् । उनी किन वामपन्थी दलको सहयोग र समर्थनमा सरकारको नेतृत्व गर्न चाहन्छन् ? लक्ष्य एउटै हो सत्ता । ५४ सदस्य चाहिएको प्रादेशिक सदनमा १३ को सङ्ख्याका कारण उनको सरकारले कुनै ठोस एवं महत्त्वपूर्ण निर्णय लिन सक्नेछैन । जनमत पार्टीले तराई–मधेसको जनतामा बाँडेका आश्वासनहरूमध्येको एउटा प्रमुख नारा १० लाख युवालाई रोजगार दिनु हो । मधेस प्रदेशमा आठ जिल्ला छन्, यस हिसाबले जनमत पार्टीले यस प्रदेशमा प्रत्येक जिल्लामा सरदर सवा लाख रोजगार उपलब्ध गराउनेछ । आशा गरौं, जनमतका मुख्यमन्त्रीले आफ्नो पदको शपथ लिएको भोलिपल्टदेखि नै धमाधम रोजगार बाँड्नेछन् । वैज्ञानिकको दलले अघि सारेको रोजगारको महत्त्वाकाङ्क्षा योजना पक्कै पनि गहन छानबीन, अध्ययन र सम्भावनालाई हेरेर नै होला । राजनीतिमा सधैं भूतकाल र भविष्यको कुरा गरिन्छ । उसले केही पनि गरेन तर म सबैथोक गरेर देखाइदिन्छु । सत्तामा पुगेपछि सहयोगी दल र परिस्थितिले काम गर्न दिएन भन्ने जवाफ दिइन्छ । नेपाली जनता आजसम्म यसै आश्वासनमा बाँच्दै आएको छ र आफ्नो नेतामाथि पत्यार गर्दै आएको छ । मधेस प्रदेश सरकारमा नयाँ नेतृत्व आउनु खुशीको कुरा हो । नयाँ दलको नेतृत्वमा सरकार गठन हुनु झन् खुशीको कुरा हो । तर केवल मन्त्रीको कुर्सीमा बस्नका लागि र सत्ता, भत्ता एवं कमिशनको खेलमा लागिरहने काम भयो भने सरकारको कामले सार्थकता पाउनेछैन । नेकपा एमाले, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीको समर्थनबाट अस्तित्वमा आएको नयाँ सरकार खुलेर आफ्नो चाहना अनुसारको निर्णय गर्न सक्नेछैन किनभने एमाले, माओवादी र नेकपा एकीकृत समाजवादीले उसलाई त्यस्तो गर्न दिनेछैन । जसपा नेपालका अध्यक्ष यादव र यसका आम नेताहरूमा समेत रहेको अहङ्कारका कारण पनि यस दलले कम मत पाएको हो र अब सरकारबाट बाहिरिंदैछ ।

# भक्तपुर अस्पताल बन्यो देशभरकै उत्कृष्ट

रमेश गिरी
भक्तपुर, २४ जेठ/रासस

सेतो लामो एक तले भवन । जस्ताको छानो भएपनि राणाकालीन शैलीझैं देखिने उक्त भवनमा आजभन्दा १२० वर्ष अगाडि 'श्री चन्द्रलोक डिस्पेन्सरी'को नामबाट स्वास्थ्य सेवा शुरू गरेको नेपालकै दोस्रो पुरानो अस्पताल हो 'भक्तपुर अस्पताल' ।

स्थापनाको सय वर्ष पार गरिसक्दा पनि सेवा विस्तारदेखि स्तरोन्नतिमा पछाडि पर्दै आएको यस अस्पताल मेडिकल माफियाका चुङ्गुलमा पर्दा वर्षौंसम्म 'रिफर सेन्टर'का रूपमा परिणत भएको थियो । भ्रष्टाचारसम्बन्धी विवाद आइरह्यो, जनताको विश्वास गुम्दा बिरामीले भक्तपुर अस्पताल रोज्न छाडे । भक्तपुर अस्पताल आफैं बिरामी भनेर कयौंपटक समाचार आए पनि ।

तर कोरोना महामारीको सङ्कटमा भक्तपुर अस्पतालको नेतृत्व सम्हाल्न आइपुगेकी एक महिला प्रमुखको अथक मेहनत र प्रयासले अहिले यो अस्पताल लगातार दुईपटक देशका सात प्रदेशमध्येका उत्कृष्ट अस्पताल बन्न सफल भएको छ । यस वर्ष पनि देशभरका अस्पतालमध्ये उत्कृष्ट अस्पताल बन्न सफल भयो ।

भ्रष्टाचार, कमिशन र माफियाको चुङ्गुलबाट अस्पताललाई जोगाउने र निश्चित नियम एवं मापदण्डको परिधिभित्र रहेर अस्पताल सञ्चालन गर्ने हो भने भौतिक पूर्वाधारदेखि स्वास्थ्य सेवामा समेत जनताको मन जित्ने गरी फड्को मार्न सकिन्छ भन्ने उदाहरण भक्तपुर अस्पतालमा तेस्रोपटक मेडिकल डाइरेक्टर भएर आएकी डा सुमित्रा गौतमले चरितार्थ गरेर देखाएकी छन् ।

सेवा विस्तार गर्न नसक्दा, आइसियू नहुँदा, आकस्मिक कक्षमा आएका बिरामीलाई सामान्य जाँचपछि निजी अस्पतालमा पठाउने परम्पराले क्लिनिकको रूपमा बदनाम बन्दै आएको यस अस्पतालको नेतृत्वमा इच्छाशक्ति बलियो भएको प्रमुख आउँदा अस्पतालको स्वरूप परिवर्तन हुन्छ भन्ने भनाइलाई डा गौतमले चरितार्थ गरेको भक्तपुर अस्पताल विकास समितिका पूर्वअध्यक्ष नवराज गेलाल बताउँछन् । उनी भन्छन्, "म दुई वर्ष भक्तपुर अस्पतालको अध्यक्ष भइरहँदा दुईजना मेसु फेरिए, मैले पटकपटक मन्त्रालय धाएर पाँच शय्याको आइसियू सञ्चालनका लागि सबै सामान ल्याएँ तर तत्कालीन मेसुले आइसियू सञ्चालन गर्न नै चाहनुभएन ।" अहिले कमिशन र भ्रष्टाचारको दलदलबाट अस्पताललाई जोगाउन सकिएको उनको भनाइ छ ।

अस्पताल विकास समितिका निवर्तमान अध्यक्ष प्रेम खड्का भक्तपुर अस्पताललाई प्रदेश नभई सरकारले केन्द्रीय अस्पतालको रूपमा विकास गर्नुपर्ने बताउँछन् । आफू अध्यक्ष हुँदा त्यसको लागि निकै पहल गरेको भएपनि असफल भएको भन्दै केन्द्रीय सरकारको छायामा परेको र आफ्ना स्वार्थ मात्रै हेर्ने प्रमुख आउँदा अस्पताल समस्यामा पर्ने गरेको बताउँछन् । अहिले अस्पतालको मुहार फेरिएको देख्दा आनन्द आउने बताउँदै उनले केही गर्छु भन्ने व्यक्तिलाई सम्बन्धित मन्त्रालयले अनावश्यक सरुवा गर्न नहुने बताउँछन् ।




अस्पताल विकास समितिका अध्यक्ष रमन कायस्थले अस्पताल एउटा जिल्लाको लागि मात्रै नभई पूर्वी जिल्लाका बिरामीका लागि भरोसाको केन्द्र बनिरहेको बताए । बिरामीमा यस अस्पतालप्रति बढिरहेको विश्वास र भरोसालाई टुट्न नदिन सरकारले मेडिकल माफियाको चुङ्गुलमा परेर अस्पतालका निर्देशक छिटो फेर्ने प्रचलन बन्द गर्नुपर्ने उनी बताउँछन् ।

तत्कालीन श्री ३ प्रधानमन्त्री चन्द्रशमशेर राणाले १९६१ असार १७ गते आफ्नै नाम जोड्दै १५ शय्याको 'श्री चन्द्रलोक डिस्पेन्सरी' नामबाट स्थापना गरेका भक्तपुर अस्पताल अहिले नेपालकै दोस्रो जेठो अस्पतालको रूपमा परिचित छ । १९४७ साउन १२ गते श्री ३ वीरशमशेरले स्थापना गरेको नेपालकै पहिलो वीर अस्पतालपछि स्थापना भएको भक्तपुर अस्पताल जन्मिएको भवन यतिखेर भक्तपुर क्यान्सर अस्पतालले प्रयोग गरिरहेको छ ।

विसं २०५१ मा क्यान्सर केयर सेन्टरको नाममा नेपाल अर्बुद रोग निवारण संस्थाले भक्तपुर अस्पतालसँगको समन्वयमा उक्त भवन लिएर नेपालकै पहिलो क्यान्सर रोग विशेषज्ञ एवं शल्य चिकित्सक डा अञ्जनीकुमार शर्माको नेतृत्वमा क्यान्सर रोगको परीक्षण शुरू गरिएको थियो । २०५६ असोज २१ गते तत्कालीन राजा श्री ५ वीरेन्द्रले उद्घाटन गरेको उक्त क्यान्सर केयर सेन्टर अहिले नेपाल सरकारको सुविधासम्पन्न क्यान्सर अस्पताल बनिसक्दा पनि १२० वर्ष पुरानो त्यो भवन अस्पतालकै रूपमा उपयोगमा आइरहेको छ ।

भक्तपुर नगरपालिका–१, दूधपाटीमा रहेको भक्तपुर अस्पताल ६७ वर्षपछि २०२८ सालमा ५० शय्यामा विस्तार भई जिल्लास्तरीय अस्पतालको पहिचान बनाएको थियो । २०५८ जेठ १९ गते आकस्मिक (इमर्जेन्सी) सेवाको लागि अमेरिकी सैनिक सहयोगमा छुट्टै भवन निर्माण गरिदिएपछि आकस्मिक उपचार सेवा शुरू गरेको थियो । २०६१ भदौ २८ गते २५ शय्याको प्रसूति सेवा थप भई ७५ शय्यामा विस्तार हुँदै २०७६ चैत ३ गते अस्पताल व्यवस्थापन समितिले २५ शय्या थप गरी १०० शय्यामा विस्तार गरी सञ्चालनमा आएको थियो ।

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## यो संविधान रहेसम्म देशको आर्थिक विकास असम्भव

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**हामीले जति जोड असल संविधान निर्माण गर्नमा दिन आवश्यक छ त्यति नै जोड असल चरित्र निर्माणमा दिन आवश्यक छ। समन्वयकारी स्वभाव विकास गर्न जोड दिन आवश्यक छ। आर्थिक विकासप्रतिको इच्छाशक्तिलाई बलियो पार्न जोड दिन आवश्यक छ।**

वर्तमान संविधान नेपालमा क्रियाशील रहेसम्म नेपालको आर्थिक विकास सम्भव छैन। यो काल्पनिक कुरा होइन। विगतको अनुभवले देखाएको कटु सत्य हो। यो संविधानले गर्दा आर्थिक विकासले गति लिएको त छैन नै, उल्टो युवाहरूमा ठूलो निराशा उत्पन्न गराएको छ। यो संविधानको कार्य-परिणामले गर्दा नै देशमा आर्थिक र शैक्षिक विकासको सम्भावना नदेखेर ठूलो सङ्ख्यामा युवाहरू विदेश पलायन भइरहेका छन्। निष्कर्षमा भन्ने हो भने यो संविधानले गर्दा देशको आर्थिक विकासको गति ऐतिहासिक किसिमले सुस्त हुन पुगेको छ।

नेपाली युवाहरू यति ठूलो सङ्ख्यामा पलायन भएको नेपालको इतिहासमा नै, कहिले पनि देखिएको थिएन। यस्तो पहिलोपटक देखिएको हो। र यो संविधानले गर्दा देखिएको हो। पहिले पनि युवाहरू, खासगरी अध्ययनका लागि, विश्वका अनेक मुलुकमा जान्थे। तर पहिले युवाहरू 'मास्टर्स' वा 'पिएचडी' डिग्री प्राप्त गर्न संसारका अनेक मुलुकमा पुग्थे। तर अहिले उच्च माध्यमिक शिक्षा प्राप्त गर्नेबित्तिकै उच्च शिक्षाका लागि विदेशतिर लागिरहेका छन्। यस्तो स्थिति संसारका कमै मुलुकमा देखिएको छ। अहिले नेपाली युवाहरू अमेरिका, अस्ट्रेलिया, क्यानाडा, ब्रिटेन, जर्मनी जस्ता धनी देश मात्र होइन पोर्चुगल, साइप्रसजस्ता गरीब देशहरूतिर पनि गइरहेका छन्। अध्ययनका लागि आफू पुग्ने देशबारे राम्रो जानकारी प्राप्त नगरिकनै त्यस देशतर्फ लागिरहेका छन् र कतिपय अनावश्यक दुःख पाइरहेका छन्।

यो संविधानले देशको आर्थिक विकास गर्न सक्तैन। यो विषयमा चर्चा गर्नुपूर्व यो संविधानको प्रकृति र निर्माण-उद्देश्यबारे सङ्क्षिप्त चर्चा गर्नु उपयुक्त देखिन्छ। यो संविधान जनताको लागि नभएर दल र तिनका नेताहरूको उच्च फाइदाका लागि उनीहरूद्वारा निर्माण गरिएको हो। यो संविधान निर्माणमा जनताको सहभागिता थिएन। केही नेता तर तिनका मतियारहरूको सहभागिता थियो। यो संविधान उनीहरूको फाइदाका लागि सुनियोजित किसिमले निर्माण गरिएको थियो। यो संविधान (निर्वाचन)मा समानुपातिक र सङ्घीयता प्रणालीको व्यवस्था हुनुले यस भनाइको पुष्टि गर्दछ। ठूला नेता र तिनका आफन्तहरू निर्वाचनमा पराजित भए पनि सत्ता र शक्तिमा उनीहरूको पहुँच सजिलो पार्न समानुपातिक प्रणालीको व्यवस्था गरिएको थियो। व्यवहारले त्यही देखाएको छ। अहिले ठूला नेताहरूले आफ्ना नातागोता र आसेपासेलाई समानुपातिकको सुविधा प्रयोग गरेर शक्ति र सत्तामा पुऱ्याएका छन्। यो कुरा हामीले देखिभोगिरहेका छौं।

यो संविधानले व्यवस्था गरेको सङ्घीयताले देशको आर्थिक विकासमा टेवा पुऱ्याउने काम गरेको छैन। उल्टो देशलाई गरीब पार्ने कार्य गरेको छ। सङ्घीयताको व्यवस्था पनि नेताहरूले आफ्नो र आफ्ना दलको फाइदाका लागि गरेका थिए। आफ्ना कार्यकर्ताहरूलाई सत्ता र शक्तिमा राख्ने उद्देश्यका साथ सङ्घीयताको व्यवस्था गरिएको थियो, आर्थिक विकासको लागि गरिएको थिएन। यस प्रकार केही नेताले, नेपाल र नेपाली जनताको लागि होइन, आफ्नो फाइदाका लागि वर्तमान संविधान निर्माण गरेका थिए।

नेपालको आर्थिक, सामाजिक र राजनीतिक विकासको लागि केवल दुई तहको सरकार भए पुग्छ। अहिलेको जस्तो तीन तहको सरकार आवश्यक नै छैन। तीन तहको सरकार, प्रादेशिक सरकारको अनावश्यक उपस्थितिले गर्दा, एकतिर अनावश्यक खर्च वृद्धि भएको छ भने अर्कोतिर विकासका कार्य सुस्त भएको छ। प्रादेशिक सरकार आर्थिक विकासका लागि कर्ता (Actor) हुन सकेको छैन। उल्टो दलहरूको लागि स्वार्थको राजनीति गर्ने मञ्च हुन पुगेको छ। सङ्घीय सरकार छिटोछिटो परिवर्तन हुनु, सङ्घीय सरकार आर्थिक क्रियाकलापमा व्यस्त हुनुको सट्टा राजनीति दाउपेचमा सदा सक्रिय रहनुले यस कुराको पुष्टि हुन्छ।

यो संविधानले गर्दा नै देशमा उद्योग, व्यापार र सेवा-व्यवसायको विकास हुन सकिरहेको छैन। राष्ट्रले प्राप्त गर्ने आम्दानीका स्रोतहरू सुकिरहेका छन्। यो संविधानले हामीलाई, रेमिट्यान्स र विदेशी सहयोग प्राप्त नभए, देश चल्नै नसक्ने स्थितिमा पुऱ्याएको छ।

अहिले देशको आर्थिक विकासको गति ऐतिहासिक किसिमले सुस्त हुन पुगेको छ। अहिले देशमा सङ्घर्ष छैन। देशमा गृहयुद्ध छैन। नेपाल कुनै राष्ट्रसँग युद्धरत छैन। ठूलो खडेरीको चपेटमा परेको छैन। कृषि क्षेत्रलाइ तहसनहस पार्नेगरी बाढी-पैरो आएको छैन। नेपालमा अहिले शान्ति छ। त्यैपनि आर्थिक विकास भइरहेको छैन। यस्तो किन भएको होला ? यस्तो हुने अनेक कारण छन्। तर ती कारणहरूमध्ये प्रमुख कारण यो संविधानले स्थिर र बलियो सरकार दिन नसक्नु हो। निष्कर्षमा भन्ने हो भने नेपालको आर्थिक विकासको लागि यो संविधान बाधक छ।

नेपालको आर्थिक विकासको लागि संविधानमा संशोधन हुन वा नयाँ संविधान निर्माण हुन आवश्यक छ। म संविधान विशेषज्ञ त होइन। कस्तो संविधान निर्माण हुनुपर्छ भन्ने क्षमता म राख्दिनँ पनि। तर दुई व्यवस्था- समानुपातिक र सङ्घीयता नेपाल र नेपालीहरूको हितमा छैन। यी दुवै व्यवस्था खारेज हुनुपर्छ। यो कुरा प्रस्टसँग भन्न सक्छु।

यसैगरी नेपालको आर्थिक विकासको लागि प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचन हुन आवश्यक छ। कार्यकारी प्रधानमन्त्रीको व्यवस्था हुन आवश्यक छ। सङ्घीय संसद्का सदस्यहरू मात्र मन्त्री हुने व्यवस्था समाप्त हुनु आवश्यक छ। सङ्घीय संसद्का सदस्यहरू कुनै पनि हालतमा मन्त्री हुन नपाउने व्यवस्था गर्नुपर्छ। जनताद्वारा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीले कार्यपालिकाका लागि मन्त्रीहरू नियुक्त गर्न पाउने व्यवस्था हुनुपर्छ। सांसदहरूलाई दोहरो फाइदा हुने- सांसद पनि हुन पाउने र मन्त्री, प्रधानमन्त्री पनि बन्न पाउने स्थिति अन्त्य हुनुपर्छ। सांसदहरूको भूमिका केवल नियम, कानून निर्माण गर्नेमा सीमित पार्नुपर्छ। वर्तमान संविधान संशोधन भएमा वा नयाँ संविधान निर्माण भएमा माथि उल्लेख भएका कुराहरूको व्यवस्था हुन आवश्यक छ।

कुनै पनि देशको आर्थिक विकास हुनका लागि त्यस देशमा स्थिर र शक्तिशाली सरकार हुन आवश्यक छ। कुनै पनि देशको आर्थिक विकासको लागि स्थिर र शक्तिशाली सरकार पूर्व शर्त हो। हाम्रो यो वर्तमान संविधानले स्थिर सरकार दिन सकिरहेको छैन। शक्तिशाली सरकार दिन सकिरहेको छैन। यो संविधानले गर्दा नाटकीय किसिमले प्रधानमन्त्री, मन्त्रीहरूको नियुक्ति भइरहेको छ। एउटै व्यक्ति कहिले यो दलको त कहिले अर्को दलको समर्थनमा प्रधानमन्त्री हुन सक्ने स्थिति सृजना भएको छ। एउटै प्रधानमन्त्रीले, एक वर्षमा, चारपटक विश्वासको मत लिनुपर्ने स्थिति उत्पन्न भएको छ। सङ्क्षेपमा भन्ने हो भने यो संविधानले केवल, पटकपटक र अनौठो राजनीतिक नाटक मञ्चन हुने वातावरण सृजना गरेको छ।

संविधान, खासमा, एउटा पुस्तक मात्र हो। संविधानले शासन गर्ने पनि होइन। यसले मार्ग दर्शन गराउने कार्य मात्र गर्दछ। बेलायतमा संविधान छैन। संविधान नभए पनि त्यहाँ आर्थिक विकास भइरहेको छ। देश चलिरहेको छ। धनी देशहरूको श्रेणीमा परेको छ। यसैगरी इजराइल र क्यानाडामा पनि संविधान छैन।

कुनै पनि देशको आर्थिक विकासको लागि त्यस देशको जनतामा आर्थिक विकासको लागि बलियो इच्छाशक्ति हुन आवश्यक छ। नेताहरूमा बलियो इच्छाशक्ति हुन आवश्यक छ। आर्थिक विकासका लागि नेताहरूमा सहमति कायम गर्दै एकजुट भएर कार्य गर्ने प्रकृति हुन आवश्यक छ। नेताहरूमा स्वार्थ, लोभ र पदलोलुपता भएमा, उनीहरूको कार्य जहिले पनि स्वार्थ केन्द्रित भएमा, जतिसुकै राम्रो संविधान भए पनि मुलुकले आर्थिक विकास गर्न सक्तैन। त्यसकारण आर्थिक विकासको लागि संविधान महत्त्वपूर्ण होइन, जनता र नेताको असल चरित्र महत्त्वपूर्ण हो। संविधान जतिसुकै राम्रो भए पनि जनताले नै स्वार्थीहरूलाई निवार्चित गरेर, नेतृत्व गर्ने स्थानमा पुऱ्याएमा, देशको आर्थिक विकास हुन सक्तैन। नेताहरू स्वार्थी भएमा देशको आर्थिक विकास हुन सक्तैन। मुलुकको आर्थिक विकासका लागि नेता र जनता, दुवैको असल चरित्र हुन आवश्क छ। दुवैथरिमा त्याग, मेलमिलाप, इमानदारी र निस्स्वार्थ गुण हुन आवश्यक छ।

हामीले जति जोड असल संविधान निर्माण गर्नमा दिन आवश्यक छ त्यति नै जोड असल चरित्र निर्माणमा दिन आवश्यक छ। समन्वयकारी स्वभाव विकास गर्न जोड दिन आवश्यक छ। आर्थिक विकासप्रतिको इच्छाशक्तिलाई बलियो पार्न जोड दिन आवश्यक छ। जनता र नेता दुवैले यी कार्यहरू गर्न आवश्यक छ।



**सिन्धुलीका महिलाले निर्माण गरेको चकटीः** सिन्धुलीको कमलामाई नगरपालिका-४ ज्यामिरेका महिला आफूले बनाएको चकटी देखाउँदै। कमलामाई नगर पालिका-४ को वडा कार्यालयले यहाँका ५० जना महिलालाई १० दिने तालीममा पराल, बाबियो, थाकल, खर र खोस्टाको चकटी बनाउन सिकाएको थियो। उनीहरू आजभोलि चकटी बिक्री हुने बजारको खोजीमा छन्। तस्बिरः राधिका बुढाथोकी/रासस

## धनुषामा आँपको उत्पादन २३ हजार एक सय मेट्रिकटन

जनकपुरधाम, २४ जेठ/रासस

धनुषामा यस वर्ष अर्थात् चालू आर्थिक वर्षमा आँपको उत्पादन गत वर्षको तुलनामा अत्यधिक भएको छ।

आँपको उत्पादन राम्रो भएकोले आर्थिक समस्याबाट गुज्रिरहेका किसानलाई धेरै राहत भएको बताइएको छ। जिल्लाका विभिन्न ग्रामीण तथा शहरी क्षेत्रमा गरिएको आँपखेतीबाट चालू आवमा २३ हजार एक सय मेट्रिकटन आँप उत्पादन भएको एक तथ्याङ्कले जनाएको छ। विभिन्न प्रजातिका रु २३ करोड १० लाख मूल्य बराबरको आँप उत्पादन भएको छ।

कृषि ज्ञान केन्द्र, धनुषाका अनुसार यस जिल्लामा चार हजार हेक्टर जमीनमा आँपको रूख रहेकामा दुई हजार तीन सय हेक्टर जमीनमा उपरोक्त परिमाणमा आँप उत्पादन भएको जनाइएको छ। गत आवमा पनि किसानले सोही अनुपातमा आँपखेती गरेका थिए। एक वर्ष आँप फल्ने र अर्को वर्ष आँप नफल्ने प्राकृतिक कारणले गत वर्ष आँपको उत्पादन अत्यन्त कम भएको थियो। त्यस कारण आँपको उत्पादन कम हुँदा महँगो भएको तथा भारतीय बजारबाट आयात गर्नुपर्ने बाध्यता रहेको थियो।

यस वर्ष आँपको रूखमा लटरम्म फल लागेकाले व्यापारी किसानको आँप बगैंचामा गएर आँपको ठेक्का लिने गरेका छन्। जिल्लामा करीब ७५ प्रतिशत किसान आँपखेती गर्ने गरेका छन् भने २५ प्रतिशत किसान आफूलाई खानका लागि खेत तथा बारीमा आँपको रूख लगाउने गरेका ज्ञान केन्द्रले जनाएको छ।

धनुषामा आँपले व्यावसायिक रूप लिएपछि उत्पादन भएको आँपको कारोबारमा साना तथा ठूला करीब १० हजार व्यापारीले प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा रोजगार पाएका छन्। यसपटक हुरी, असिना, पानी र झरी नआएकाले आँपलाई क्षति नभएको हो। जिल्लामा बटेश्वर गाउँपालिका, गणेशमान चारनाथ नगरपालिका, मिथिला नगरपालिका र धनुषधाम नगरपालिकालगायतका स्थानमा व्यावसायिकरूपमा आँपखेती भइरहेका छन्।

यहाँ उत्पादित आँप हेटौंडा, बुटवल, नारायणघाट, काठमाडौंलगायत अन्य शहर तथा भारतीय बजारमा समेत बिक्री हुने गरेको छ। ज्ञान केन्द्रले आँप उत्पादन गर्ने किसानलाई समयसमयमा प्राविधिक सहयोग, सल्लाह, कीटनाशक औषधिलगायत सहयोग गर्ने गरेको केन्द्रका बागवानी विकास अधिकृत प्रदीप यादवले जानकारी दिए।

किसानले आँपखेती गरी बढी आर्थिक लाभ लिन थालेपछि जिल्लामा रहेका नर्सरीबाट आँपको बिरुवा बिक्रीसमेत अत्यधिक बढ्न थालेको छ। यहाँका किसानले मालदह, बम्बई, दशहरी, कलकतिया, वैशाली, आम्रपाली, नकुअवालगायतका आँपखेती गर्ने गरेका केन्द्रले जनाएको छ।

चैतको दोस्रो हप्तादेखि हालसम्म नेपाल-भारत सीमा भिटामोडबाट रु ६८ लाख मूल्य बराबरको एक लाख १४ हजार ३२१ किलो आँप जनकपुर आयात भएको प्लान्ट क्वारेन्टाइन कार्यालय, भिटामोडका प्रमुख किशोर यादवले बताए।

## आइएमएफले विस्तारित कर्जा सुविधा अन्तर्गत नेपाललाई पाँच अर्ब ५९ करोड उपलब्ध



काठमाडौं, २४ जेठ/रासस

अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) को प्रतिनिधिमण्डलले बिहीवार अर्थमन्त्री वर्षमान पुनसँग भेटवार्ता गरेको छ। कोषको एशिया प्रशान्त डिभिजन अन्तर्गत डेपुटी डिभिजन प्रमुख तथा नेपालका लागि आवासीय प्रमुख डा टिडियान किन्डा नेतृत्वको टोलीले मन्त्री पुनसँग सिंहदरबारस्थित मन्त्रालयमा भेटवार्ता गरेको हो।

भेटमा कोषले नेपाललाई विस्तारित कर्जा सुविधा (एक्सटेन्डेड क्रेडिट फेसिलिटी-इसिएफ) अन्तर्गत चौथो किस्ता उपलब्ध गराउने विषयमा छलफल भएको अर्थमन्त्री पुनको सचिवालयले जनाएको छ। आइएमएफ कार्यकारी बोर्डले कोरोना महामारीको समयमा २०७८ पुसमा नेपाललाई इसिएफ अन्तर्गत चार वर्षभित्र ३९ करोड ८८ लाख अमेरिकी डलर सहुलियतपूर्ण कर्जा दिने निर्णय गरेको थियो। जसमध्ये यसअघि नै तेस्रो किस्ता निकासा भइसकेको छ भने अन्तिम अर्थात् चौंथो किस्ताबापत ४२ मिलियन अमेरिकी डलर (पाँच अर्ब ५९ करोड) उपलब्ध गराउन बाँकी छ।

विस्तारित कर्जा सुविधाको प्रत्येक किस्ता रकम निकासा गर्नुअघि कोषले यसअघिको प्रतिबद्धताको समीक्षा गर्ने गरेको छ। सोही समीक्षाका लागि कोषको प्रतिनिधिमण्डल नेपाल आएको हो। भेटमा मन्त्री पुनले नेपालले आर्थिक स्थायित्व, सुशासन र वित्तीय अनुशासनलाई प्राथमिकतामा राखेको बताए। मन्त्री पुनसँगको भेटमा डा किन्डाले आइएमएफ कार्यकारी बोर्डले विस्तारित ऋण सुविधाको समीक्षा पूरा हुने चरणमा रहेकाले बाँकी रकम छिट्टै निकासा गर्ने जानकारी दिए। उनले नेपालले वित्त र मौद्रिक नीतिको सुधार तथा वित्तीय अनुशासन कायम गर्ने विषयमा राम्रो प्रगति गरेको जनाउँदै प्रशंसा गरे।

आइएफएफले संरचनात्मक तथा नीतिगत सुधारका क्षेत्र तथा मध्यम अवधिको भुक्तानी सन्तुलन, आन्तरिक राजस्व परिचालन, सार्वजनिक लगानी व्यवस्थापन र वित्तीय जोखिम घटाउन इसिएफ फन्डमार्फत विभिन्न मुलुकलाई आर्थिक सहायता प्रदान गर्दै आएको बताए। विस्तारित कर्जा सुविधा (इसिएफ) अन्तर्गतको उक्त रकम नेपालले बजेटरी सहायता शीर्षकमा राखेर खर्च गर्दै आएको छ।

# समृद्धिका लागि डिजिटल अर्थतन्त्रमा जोड

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**पछिल्लो तथ्याङ्क अनुसार नेपालको कुल बेरोजगारी दर ३८ प्रतिशत छ भने यसको ४० प्रतिशत शैक्षिक बेरोजगारी छ। यस्तो अवस्थामा यो क्षेत्र शैक्षिकरूपमा सक्षम रहेर बेरोजगारी जनशक्ति व्यवस्थापन गर्न सक्ने ठूलो सम्भावना बोकेको छ।**

इन्टरनेटको बढ्दो प्रयोग, अनलाइन बैंकिङ र इ-कमर्सको विस्तारले डिजिटल अर्थतन्त्रलाई दिन प्रतिदिन सरल र सम्भव बनाउँदै लगेको छ। भौतिक नगदविनै डिजिटल माध्यमबाट भुक्तानी, लगानी र निक्षेप पूर्णतया गरिने अर्थतन्त्रलाई डिजिटल अर्थतन्त्र भनिन्छ। डेबिट-क्रेडिट कार्ड, मोबाइल वालेट र डिजिटल भुक्तानी प्लेटफर्मसहित वित्तीय लेनदेनका लागि सबै प्रकारका इलेक्ट्रोनिक विधि डिजिटल अर्थ व्यवस्था अन्तर्गत सूचीबद्ध उपकरण हुन्। डिजिटल भुक्तानी प्रयोगकर्ता वृद्धि भएपछि डिजिटल अर्थतन्त्रको अवधारणा अगाडि बढिरहेको देखिन्छ। क्रेडिट कार्डको परिचय डिजिटल अर्थतन्त्रको क्षेत्रमा महत्त्वपूर्ण पहल हो। इलेक्ट्रोनिक भुक्तानी प्रणालीको विकास र सन् १९६० को दशकमा एटिएम आएपछि डिजिटल अर्थतन्त्रको दृष्टिकोण अघि बढेको छ। यसरी डिजिटल भुक्तानी प्रविधिको विकाससँगै धेरै मुलुकले अर्थतन्त्रतर्फ महत्त्वपूर्ण कदम चालेका छन्। यसै क्रममा नेपाल सरकारले सूचना प्रविधिको अधिकतम प्रयोगमार्फत मुलुकको डिजिटल अर्थतन्त्रको विस्तारलाई विशेष प्राथमिकतामा राखेको छ।

आर्थिक वर्ष २०८१-८२ को बजेटमा सरकारले अर्थतन्त्रका रूपान्तरकारी क्षेत्रको सूचीमा सूचना प्रविधिलाई विशेष उल्लेख गरेको छ। कृषि, ऊर्जा, पर्यटन, उद्यमशीलता र ओद्योगिक विकाससँगै सूचना प्रविधि क्षेत्रको प्रवर्द्धनले पनि आर्थिक रूपान्तरण ल्याउन सघाउने अपेक्षा गरिएको छ। आर्थिक सुधारका पाँच रणनीतिमा डिजिटल अर्थतन्त्रको विस्तार महत्त्वपूर्ण मानिएको छ। यसका लागि नयाँ चरणको आर्थिक सुधारको कार्यक्रम अघि बढाइने बजेट वक्तव्यमा उल्लेख छ। साथै, डिजिटल अर्थतन्त्र विस्तारका लागि वित्तीय सुधार अन्तर्गत डिजिटल भुक्तानीको प्रवर्द्धनसँगै केन्द्रीय बैंक डिजिटल करेन्सी (सिबिडिसी)को तयारीजस्ता नवीनतम वित्तीय उपकरण उपयोग गरिने छ। साथै, सार्वजनिक प्रशासनको सुधार गर्दा सेवा प्रवाहमा सूचना प्रविधिको अधिकतम प्रयोग गरिने छ। यसैगरी सार्वजनिक सेवा प्रवाहलाई 'बिजनेस प्रोसेस रि-इन्जिनियरिङ' को आधारमा सरल बनाउनेदेखि मुलुकको व्यावसायिक वातावरण सुधार गर्न अँगालिएका पाँच रणनीतिभित्र सूचना प्रविधिमा आधारित उद्योगहरूलाई सहजता प्रदान गर्न विदेशमा प्रविधि हस्तान्तरण गरी त्यसबाट आर्जित आयलाई पुनः विदेशमैं लगानी गर्न पाउने व्यवस्थासहितका कार्यक्रमहरू आगामी आर्थिक वर्षको बजेटमा समावेश गरिएका छन्।

नेपाल सरकारले आर्थिक वर्ष २०८१-०८२ लाई सूचना प्रविधि दशकको प्रस्थान वर्ष मान्दै सूचना प्रविधिसँग सम्बन्धित जनशक्तिलाई फेलोसिप र इन्टर्नसिपका सामान्य कार्यक्रमदेखि अत्याधुनिक आइटी हब निर्माण, इ-गभर्नेन्सको माध्यमबाट सार्वजनिक सेवालाई मुहाररहित, कागजरहित, सम्पर्करहित बनाउनेजस्ता महत्त्वाकाङ्क्षी कार्यक्रम ल्याएको छ। सन् २०८१ देखि २०९१ सम्मलाई विज्ञान प्रविधि दशकसमेत घोषणा गर्ने भनिएको छ। सरकारले कृषि, ऊर्जा, पर्यटन, उद्यमशीलता र औद्योगिक विकाससँगै सूचना प्रविधिलाई पनि आर्थिक रूपान्तरण ल्याउन सघाउने क्षेत्रका रूपमा औंल्याएको छ। सरकारले आगामी १० वर्षमा ३० खर्बको सूचना प्रविधि निर्यात गर्ने लक्ष्य लिएको छ। आगामी आर्थिक वर्षको बजेटमार्फत सरकारले ५ लाख प्रत्यक्ष र १० लाख अप्रत्यक्ष रोजगार सृजना गर्ने लक्ष्यसहित ३० खर्बको प्रविधि निर्यात गर्ने लक्ष्य तय गरेको हो। सूचना प्रविधि उद्योगले आफ्नो नाफा पूँजीकरण गरेमा लाग्ने लाभांश करमा छुट दिने व्यवस्था मिलाइएको छ। व्यवसायको क्षमता विस्तारका लागि पूँजी वृद्धि गरेको अवस्थामा परिवर्तनका उचित कारण देखाएमा लाग्ने करमा सहुलियत दिने तथा व्यावसायिक वातावरण सुधारका लागि सरकारले अघि सारेको कन्ट्री रेटिङ, द्विपक्षीय लगानी र दोहोरो करमुक्ति सम्झौता, प्रविधि हस्तान्तरणबापत विदेशमा लैजान पाउने सेवा शुल्कको सीमा वृद्धि र ससानो पूँजी सङ्कलन गरी उद्यम तथा पूर्वाधार विकासमा लगानी गर्ने कम्पनी स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने विषयलाई समेत आगामी आर्थिक वर्षको बजेटमा समावेश गरिएको छ।

सूचना प्रविधिका लागि तय गरिएका योजना तथा कार्यक्रमहरूले आजको भोलि नै परिवर्तन ल्याउँछ भन्ने होइन तर कम्तीमा सरकारले यो क्षेत्रका आवश्यकताहरू पहिचान गर्दै सकारात्मक पहल गरेको छ। सूचना प्रविधिसँग सम्बन्धित कम्पनीहरूले नाफा पूँजीकरण गरेमा लाभांश करमा छुट दिने भनेको पूँजीकरणको काममा सहजता ल्याउने हो। त्यस्तै, कम्पनी ऐन संशोधन गरी दर्ता, नियमन र खारेजी प्रक्रियालगायत कार्य सरलीकृत गरिने विषयलाई पनि बजेटले समेटेको छ। सार्वजनिक-निजी साझेदारीमा काठमाडौंको डिल्लीबजारस्थित चारखालमा अत्याधुनिक सूचना प्रविधि हब, ललितपुरमा ज्ञान पार्क, काठमाडौं र बुटवलमा सूचना प्रविधि पार्क बनाउने सरकारको तयारीले यस क्षेत्रको विकासमा उल्लेखनीय योग्दान पुग्ने विश्वास लिइएको छ। ललितपुरको खुमलटारमा ज्ञान पार्क स्थापनाका लागि सरकारले १७ करोड रुपियाँ विनियोजन गरेको छ भने काठमाडौं उपत्यका र बुटवलका सरकारी तथा निजी भवन उपयोग गरी उच्च गतिका इन्टरनेट, विद्युत् र स्वीचसहितको सूचना प्रविधि पार्क स्थापना गर्ने घोषणा गरिएको छ। अर्थ मन्त्रालयका अनुसार प्रविधि पार्कमा वर्क स्टेशन सञ्चालन गरिने छ। आइटी उद्यमीलाई तीन वर्षका लागि निश्शुल्क स्थान उपलब्ध गराइने छ। स्वदेशमा उत्पादित सफ्टवेयरलाई प्राथमिकता दिई सार्वजनिक निकायले उपयोग गर्ने व्यवस्था मिलाइएको छ।

करदाता र कर प्रशासनले प्रयोग गर्ने सूचना प्रविधि प्रणालीबीच अन्तर-आबद्धता कायम गरी करदाता पोर्टलबाट दाखिला हुने सबै विवरण एपिआईमार्फत दाखिला गर्ने तथा सूचना प्रविधिमा आधारित भन्सार प्रणाली विकासका लागि अंकटाडसँग सहकार्य गरिने छ। भन्सार प्रज्ञापनपत्रमा भन्सार अधिकृतको डिजिटल सिग्नेचर कार्यान्वयनमा ल्याइने व्यवस्था गरिने बताइएको छ। भूमि प्रशासनसम्बन्धी अभिलेख डिजिटाइज गरी जग्गाधनीको पहुँच हुने व्यवस्था मिलाइने, बैंक, वित्तीय संस्था, सहकारी सङ्घसंस्थाबाट पेश हुने रोक्का तथा फुकुवासम्बन्धी कार्य पूर्णरूपमा अनलाइन प्रणालीबाट सञ्चालन गरिने बजेट वक्तव्यमा उल्लेख छ। इ-गभर्नेन्सको माध्यमबाट सार्वजनिक सेवालाई प्रविधिमैत्री बनाउने, सेवाग्राही र सेवा प्रदायकबीच नियमित संवादमार्फत सम्पादित कामको विषयमा सेवाग्राहीको पृष्ठपोषण लिने, गुनासाको तत्काल सम्बोधन गर्न र कार्य सम्पादनमा सुधार ल्याउन सेवाग्राहीसँग कार्यक्रम सञ्चालन गरिने तथा न्याय प्रणालीलाई छिटो छरितो, प्रभावकारी, अनुमानयोग्य र पहुँचयुक्त बनाउन सूचना प्रविधिको प्रभावकारी उपयोगमा जोड दिइने नीति सरकारको छ। डिजिटल नेपाल फ्रेमवर्क परिमार्जन गरी सोको कार्यान्वयन र अनुगमन गर्न संस्थागत व्यवस्था गरिने र त्यसका लागि लागि रु ५९ करोड विनियोजन गरिएको छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले 'डिजिटल नेपाल फ्रेमवर्क २०७६' जारी गरेको छ। यो फ्रेमवर्कले ८ वटा क्षेत्र र ८० वटा डिजिटल पहलको पहिचान गरेको पनि छ। यी ८० वटा डिजिटल पहलको समयमैं कार्यान्वयन हुन सके डिजिटल अर्थतन्त्र निर्माणमा नेपालले ठूलो फडको मार्न सक्छ। नेपालले दातृ निकायको सहयोगमा सार्वजनिक वित्त व्यवस्थापन सूचना प्रणाली विकास गरेको छ। सङ्घीयस्तरमा मन्त्रालयगत बजेट व्यवस्थापन सूचना प्रणाली, विदेशी सहयोग व्यवस्थापन सूचना प्रणाली, वित्त व्यवस्थापन सूचना प्रणाली, एकल कोष खाता प्रणाली, राजस्व व्यवस्थापन सूचना प्रणाली र एकीकृत वित्तीय व्यवस्थापन सूचना प्रणालीहरू सार्वजनिक वित्त व्यवस्थापनमा डिजिटल प्रविधि प्रयोगका केही उदाहरण हुन्।

स्थानीय तहमा सञ्चित कोष व्यवस्थापन प्रणाली सरकारले कार्यान्वयनमा ल्याएको छ। वित्तीय क्षेत्रमा नेपाल राष्ट्र बैंकले डिजिटल अर्थतन्त्र निर्माणको नेतृत्वदायी भूमिका खेलिरहेको छ। राष्ट्र बैंकले आफ्ना सबै वित्तीय कारोबारका लागि विद्युतीय लेजर अर्थात् जिएल प्रणाली निर्माण गरेको छ। ठूलो आकारको भुक्तानी तथा फछ्र्योटका लागि रियल टाइम ग्रोस सेटलमेन्ट (आरटिजिएस) प्रणाली लागू गरिसकेको छ। राष्ट्रिय भुक्तानी स्वीच निर्माणको कार्य अघि बढाएको छ। यसैगरी नेपाल धितोपत्र बोर्डले सेयर कारोबारका लागि डिम्याट तथा आस्वा प्रणाली लागू गरेको छ। कर्जा सूचना केन्द्रले बैंक तथा वित्तीय संस्थाबाट अनलाइन कर्जा सूचना सङ्कलन र सुरक्षित कारोबार तथा रजिस्ट्रेशन सञ्चालनमा ल्याइसकेको छ। यसले डिजिटल अर्थतन्त्र निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको छ। राष्ट्र बैंकले ट्रेजरी बिल र विकास ऋणपत्र निष्कासन कार्य अनलाइन बोलकबोल प्रणालीबाट गर्दै आएको छ। नेपालमा बढ्दो बेरोजगारी समस्या समाधान गर्ने उपयुक्त विकल्प भनेको नै डिजिटल अर्थतन्त्रको पूर्वाधार विकास तथा विस्तार हो। पछिल्लो तथ्याङ्क अनुसार नेपालको कुल बेरोजगारी दर ३८ प्रतिशत छ भने यसको ४० प्रतिशत शैक्षिक बेरोजगारी छ। यस्तो अवस्थामा यो क्षेत्र शैक्षिकरूपमा सक्षम रहेर बेरोजगारी जनशक्ति व्यवस्थापन गर्न सक्ने ठूलो सम्भावना बोकेको छ। त्यस्तै सरकारी, निजी तथा सार्वजनिक क्षेत्रबाट प्रवाह हुने सेवा तथा कारोबारलाई विद्युतीय माध्यमबाट सञ्चालन र व्यवस्थापन गर्न डिजिटल नेपाल फ्रेमवर्कले डिजिटल प्रविधिको व्यापक उपयोगमार्फत मुलुकमा सुशासन कायम गरी सार्वजनिक सेवा प्रवाह, समाज तथा अर्थतन्त्रका बृहत्तर आयामको रूपान्तरण गर्नेछ, जसका माध्यमबाट अर्थतन्त्र सरल तथा सहज माध्यमबाट अगाडि बढ्ने छ भने यसले आम नागरिकको आम्दानी पनि बढाउने छ। फलस्वरूप गरीबी दर बिस्तारै घट्दै जान्छ।

यसैगरी अनलाइन प्रविधिको प्रयोग गरेर नेपालको जैविक विविधता, पर्यावरणीय सौन्दर्यता, धार्मिक, सांस्कृतिक, ऐतिहासिक क्षेत्रको प्रचार प्रसार गरी पर्यटन उद्योगलाई अझ बढी सबल बन्छ। कुल गार्हस्थ्य उत्पादनमा २ प्रतिशत योगदान गरेको यस क्षेत्रमा डिजिटल अर्थतन्त्रको प्रयोग सफलरूपमा गर्नका लागि सरकार तथा निजी क्षेत्र चुक्नुहुँदैन। आज विश्वका विभिन्न मुलुकहरूले अनलाइनबाट पर्यटन क्षेत्रको विकास गरिहेका छन्, यसतर्फ हामी गम्भीर हुनैपर्दछ। यसैगरी कृषि क्षेत्रको आधुनिकीकरण र बजार विस्तारका लागि नेपालले डिजिटल प्रविधिलाई बढी भन्दा बढी सदुपयोग गर्नुपर्दछ। कृषि उत्पादनलाई डिजिटल माध्यमबाट उपभोग, वितरणका पक्षमा सुधार ल्याउन सकिने थुप्रै सम्भावनाहरू छन्। यी सम्भावनाहरूको सदुपयोग गर्दै यस सम्बन्धी कारोबारलाई डिजिटल अर्थतन्त्रको मोडलमा लैजानुपर्ने आजको आवश्यकता हो।

अन्त्यमा, मुलुकको आर्थिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्ने डिजिटल अर्थतन्त्रको प्रभावकारी कार्यान्वयनका लागि 'बिग डेटा' र 'क्लाउड कम्प्युटरिङ' व्यवसायमा क्रान्ति ल्याउन सक्नुपर्दछ। यसका लागि नवीनतम प्रविधि प्रयोग गर्ने दिशामा नेपाल सरकार, निजी र सार्वजनिक सबै क्षेत्रले उच्चस्तरको समन्वय र सहकार्य गर्नु आजको एक मात्र विकल्प हो।



**कृषि सिक्न खेतबारीमा विद्यार्थी:** म्याग्दीको मालिका गाउँपालिका-६ स्थित केवी एकेडेमीमा अध्ययनरत कक्षा ८ देखि १० सम्मका विद्यार्थी बारीमा तरकारीखेतीका लागि जमीन सम्याउँदै। विद्यालयले प्रयोगात्मक कृषि शिक्षा शुरू गरेको छ। तस्बिर: ध्रुवसागर शर्मा/रासस

# सर्लाहीका ९१ निजी वनमा २६ प्रजातिका बोटबिरुवा

सर्लाही, २४ जेठ/रासस

सर्लाहीमा ३६ वर्षको अवधिमा दर्ता भएका ९१ वटा निजी वनमा २६ प्रजातिका बोटबिरुवा हुर्किरहेका पाइएको छ।

जिल्ला डिभिजन वन कार्यालयका अनुसार सिसौं, मसला, खयर, टिक, सिमल, कटहर, कपोक, डालेघाँस, आँप, तिल्के, शिरीष, टिकुल, जामुन, पिठारी, बकाइनो, सतिसाल, असना, कर्मा, पौलोनियाँ, कपुर, खमारी र अर्जुनलगायतका २६ प्रजातिका बोटबिरुवा हुर्काइएको हो।

पुस ११ गतेदेखि हालसम्म जिल्लामा ९१ वटा निजी वन दर्ता भएका उक्त कार्यालय सर्लाहीका सूचना अधिकारी राकेश रञ्जनले जानकारी दिए। जिल्लामा दर्ता भएका निजी वनको नियमित व्यवस्थापन नभएको अनुगमनका क्रममा आफूहरूले पाएको जानकारी दिंदै उनले विस्तृत नापजाँचपछि बोटबिरुवाको लगत अद्यावधिक गर्न सम्बन्धित व्यक्तिलाई निर्देशन दिएको बताए।

# सुनको मूल्य १८ सयले बढ्यो

काठमाडौं, २४ जेठ/रासस

स्थानीय बजारमा पहेंलो धातुको मूल्य बिहीवार प्रतितोला रु एक हजार आठ सयले वृद्धि भएको छ। नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार छापावाला सुन प्रतितोला रु एक लाख ४४ हजार पुगेको छ। यो मूल्य हालसम्मकै उच्च हो।

छापावाला सुन बुधवार प्रतितोला रु एक लाख ४२ हजार दुई सयमा कारोबार भएको थियो। यस्तै, तेजाबी सुन बुधवार प्रतितोला रु एक लाख ४१ हजार पाँच सयमा कारोबार भएको थियो। तेजाबी सुनको मूल्य आज रु एक लाख ४३ हजार तीन सय निर्धारण गरिएको छ।

त्यस्तै, चाँदीको मूल्य आज रु एक हजार ८५० निर्धारण गरिएको छ। चाँदीको मूल्य बुधवार प्रतितोला रु एक हजार ८२५ रहेको थियो।

# नेप्से परिसूचक ओरालो




काठमाडौं, २४ जेठ/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीवार पनि ओरालो लागेको छ।

लगातार ओरालो लागेको बजार आज पुनः थप ओरालो लागेको हो। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक एक दशमलव ९३ अङ्कले ओरालो लागेर दुई हजार ७७ दशमलव ७८ मा पुगेको छ। ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव २७ अङ्कले ओरालो लागेर ३७० दशमलव ३४ मा सीमित भएको छ। कुल ८८ लाख १३ हजार ३७४ कित्ता शेयर रु चार अर्ब ३८ करोड ८२ लाख ७८ हजार ७२० मूल्यमा खरीद-बिक्री भए।

नेप्सेका अनुसार इमर्जिङ नेपाल, मिड सोलु हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। बुद्धभूमि नेपाल हाइड्रोपावर नौ दशमलव ८८, माण्डु हाइड्रोपावर आठ दशमलव ४३ र सुपर मादी हाइड्रो पावरका लगानीकर्ताले सात दशमलव ५८ कमाएका छन्। त्यस्तै, माईखोला हाइड्रोपावर छ दशमलव ४०, ज्योति विकास बैंकको ऋणपत्र पाँच दशमलव ३१, नारायणी डेभलपमेन्ट बैंक पाँच दशमलव ३१, पोखरा फाइनान्स पाँच १२ र स्वाभिमान लघुवित्तका लगानीकर्ताले चार दशमलव ५६ प्रतिशतले गुमाए।


## चिकित्सकहरुको विवरण

**शिशु तथा बालरोग**
चिकित्सकको नाम सम्पर्क नं. आबद्ध स्वास्थ्य सेवा
१. डा. सागरमान अमात्य ५२१७९६ सर्वोत्तम अस्पताल
२. डा. अशोक दास ५३४४०३ आशाराम हस्पिटल, पानीटङ्की-१०
३. डा. आनन्दकुमार झा ०५१-५३०५२० दसतल्ले भवनको गेटनजिक, बिर्ता
४. डा. श्यामसुन्दर दास
५. डा. प्रवीण सिंह ९८११८४२९४६ ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज

**नाक, कान, घाँटी तथा आँखा**
१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज-४

**फिजिसियन**
१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**
१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**
डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**
डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**
डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**
डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. (श्रीमती) निकु मण्डल, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**
**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

## अन्तर्राष्ट्रिय समाचार

# स्यान्मामा पहिरोमा परी पाँचजनाको मृत्यु, सातजना व्यक्ति बेपत्ता



याङ्गुन, २४ जेठ/एएफपी

म्यानमाको खानीमा गएको पहिरोमा परी दुईजना चिनियाँ नागरिकसहित कम्तीमा पाँचजनाको मृत्यु हुनुका साथै अन्य सातजना बेपत्ता भएका खानीमा कार्यरत एक कामदारले बताए ।

चीनसँग सीमा जोडिएको कचिन राज्यको पाङ्वामा रहेको खानीका केही भाग मङ्गलवार बिहान खसेको खानीमा काम गर्ने कामदारले बताएका छन् ।

उनीहरूका अनुसार पहिरोका कारण पूरै पहाड झरेको, ठूलाठूला रूख ढल्दा निकै ठूलो जङ्गली क्षेत्र कटान भएको र कम्तीमा पाँचजनाको मृत्यु भएको साथै सातजना हराइरहेका छन् ।

उद्धारकर्ताले दुई चिनियाँ नागरिक, दुई सुरक्षाकर्मी र एक कामदारसहित पाँचजनाको शव फेला पारेको स्रोतले जनाएको छ ।

स्थानीय सञ्चारमाध्यमले खानीमा पाँचजनाको मृत्यु भएको र कम्तीमा २० जना हराइरहेका बताएका छन् ।

म्यान्माको सुदूरउत्तरमा मूल्यवान् पत्थर, सुन र काठजस्ता अन्य प्रचुर प्राकृतिक स्रोतहरूको खानी रहेको कचिन राज्यमा यी प्राकृतिक स्रोत जातीय कचिन विद्रोही र म्यान्माको सेनालाई दशकौं लामो गृहयुद्धका क्रममा आकर्षक आम्दानीको रूपमा रहेका छन् ।

यो क्षेत्र इलेक्ट्रिक साधनहरूमा प्रयोग हुने चुम्बकको खानीका लागि पनि प्रसिद्ध छ ।

ग्लोबल विटनेसले गत महीना सेटेलाइट इमेजरीलाई उद्धृत गर्दै पाङ्वा शहरको वरपर ३०० भन्दा बढी खानी स्थल रहेका बताएको थियो । रासस

# सामूहिक कुटपिटको घटनाप्रति राष्ट्रसङ्घद्वारा चासो व्यक्त

काबुल, २४ जेठ/एएफपी

संयुक्त राष्ट्रसङ्घले बुधवार अफगानिस्तानमा दर्जनौं मानिसलाई सामूहिक कुटपिट गरिएको भन्दै तालिबान अधिकारीहरूलाई यो अभ्यास अन्त्य गर्न आह्वान गरेको छ ।

अफगानिस्तानमा संयुक्त राष्ट्रसङ्घीय मिसन (युएनएएमए)ले उत्तरी सारिपुल प्रान्तमा मङ्गलवार करीब ६३ जनालाई कोर्रा प्रहार गरी सार्वजनिकरूपमा कुटपिट गरिएको जनाएको छ ।

"युएनएएमएले शारीरिक दण्डको निन्दा गर्छ र अन्तर्राष्ट्रिय मानव अधिकार दायित्वहरूको सम्मान गर्न आह्वान गर्छ," मिसनले एक्समा पोस्ट गरिएको एक विज्ञप्तिमा उल्लेख गरेको छ ।

सन् २०२१ अगस्तमा सत्तामा फर्किएपछि तालिबान अधिकारीहरूले इस्लामिक कानून सरियाको पुनः व्याख्या गरेका छन् ।

जनताले सार्वजनिक मृत्युदण्ड र शारीरिक यातनाहरू भोगिरहेका छन् । चोरी, व्यभिचार र रक्सीसेवन जस्ता अपराधका लागि तालिबान सरकारले कोर्रा प्रहार गर्ने गरेको छ । रासस

# विद्यार्थी सङ्ख्या नियन्त्रण अर्थतन्त्रको लागि हानिकारक हुने -अस्ट्रेलिया

क्यानबेरा, २४ जेठ/सिन्हवा

अस्ट्रेलियाको सरकारले अन्तर्राष्ट्रिय विद्यार्थीहरूको सङ्ख्या सीमित गर्ने कदम अर्थतन्त्रका लागि हानिकारक हुने विश्वविद्यालय अनुगमनकारी सर्वोच्च निकायले चेतावनी दिएको छ ।

बुधवार एक शैक्षिक सम्मेलनलाई सम्बोधन गर्दै 'युनिभर्सिटिज अस्ट्रेलिया'का प्रमुख कार्यकारी ल्युक सिहीले आप्रवासन घटाउने प्रयासमा सरकारले खुलारूपमा अन्तर्राष्ट्रिय विद्यार्थीलाई लक्षित गरिरहेको बताए ।

उनले अन्तर्राष्ट्रिय विद्यार्थीहरूको सङ्ख्यामा कटौती अदूरदर्शी कार्यक्रम भएकोले अस्ट्रेलियाको अर्थतन्त्रमा प्रतिकूल असर पार्ने बताए ।

"अस्ट्रेलियाको अन्तर्राष्ट्रिय शिक्षा क्षेत्रले राष्ट्रियस्तरमा दुई लाख ५० हजार रोजगारलाई समर्थन गर्छ । शिक्षामा मात्र नभई खुद्रा, पर्यटन र आवासजस्ता क्षेत्रहरूमा पनि रोजगारका अवसरहरू रहेको उनले बताए ।

अस्ट्रेलियामा अन्तर्राष्ट्रिय विद्यार्थीहरूको सङ्ख्या फेब्रुअरीमा सात लाख नाघेपछि मे महीनामा सत्तारूढ लेबर पार्टीले अन्तर्राष्ट्रिय विद्यार्थी भर्ना सीमित गर्ने योजना घोषणा गरेको थियो ।

अस्ट्रेलियन ब्युरो अफ स्टयाटिस्टिक्स (एबिएस)का अनुसार अस्ट्रेलियाको अन्तर्राष्ट्रिय शिक्षा उद्योग सन् २०२३ मा ४७.८ अर्ब अस्ट्रेलियाली डलरको रेकर्ड थियो, सन् २०२२ मा २६.६ अर्बबाट ७९.६ प्रतिशतभन्दा माथि पुगेको थियो ।

अस्ट्रेलियाका चार ठूला बैंकहरूमध्ये एक नेशनल अस्ट्रेलिया बैंक (एनएबी) का अर्थशास्त्रीहरूले मार्चमा जारी गरेको विश्लेषणले सन् २०२३ मा अस्ट्रेलियाको आर्थिक वृद्धिको आधाभन्दा बढी अन्तर्राष्ट्रिय विद्यार्थीहरूको खर्च रहेको खुलासा गरेको छ ।

अन्तर्राष्ट्रिय विद्यार्थीको शीघ्र फिर्ती नभएको भए राष्ट्र खतरनाकरूपमा मन्दीको नजीक झर्ने उनले बुधवार बताए ।

सरकारको प्रस्तावित कानून अन्तर्गत शिक्षामन्त्रीलाई पाठ्यक्रम र शिक्षा प्रदायकका लागि नयाँ अन्तर्राष्ट्रिय विद्यार्थी भर्नामा सीमा निर्धारण गर्ने अधिकार दिइनेछ ।

अस्ट्रेलियामा हुने शुद्ध वार्षिक आप्रवासन सन् २०२२/२३ मा उच्च पाँच लाख २८ हजारबाट सन् २०२४/२५ मा दुई लाख ६० हजार बनाउने सरकारको व्यापक योजना रहेको छ । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – मनोरञ्जन | वृष – कर्मप्राप्ति |
| मिथुन – अलमल | कर्कट – रोगभय |
| सिंह – व्यापारवृद्धि | कन्या – शत्रुभय |
| तुला – कार्यनाश | वृश्चिक – उदरपीडा |
| धनु – मित्रमिलन | मकर – धनखति |
| कुम्भ – सुयश | मीन – खर्चवृद्धि |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**सीपमूलक तालिममा सहभागी महिला:** तनहुँको व्यास नगरपालिका-४ मा सञ्चालित बुटिक तालीममा सहभागी महिला । महिलालाई आत्मनिर्भर बनाउन वडा कार्यालयको आयोजनामा सीपमूलक तालीम दिइएको हो । तस्बिर : कृष्ण न्यौपाने/रासस

# निर्वाचन आयोगद्वारा चौथो रणनीतिक योजना छलफल

महोत्तरी, २४ जेठ/रासस

निर्वाचन आयोगले चौथो रणनीतिक योजना (२०८१-८६) तर्जुमाका लागि मधेस प्रदेशमा छलफल शुरू गरेको छ। प्रदेशका आठवटै जिल्लाका सरोकारवालाबीच आयोगले बिहीवार महोत्तरीको बर्दिवासमा अन्तर्क्रिया आयोजना गरेको हो ।

कार्यक्रममा प्रदेश र जिल्लास्थित निर्वाचन कार्यालयका अधिकारी, राजनीतिक दल र सामाजिक सङ्घसंस्थाका प्रतिनिधि, शिक्षक र सञ्चारकर्मीको सहभागिता छ । कार्यक्रममा आयोगको तेस्रो रणनीतिक योजना (२०७६-८१ असार)को समीक्षा गरिनुसँगै अबको रणनीतिबारे सहभागीले सुझाव दिएका छन् । कार्यक्रममा निर्वाचन प्रणालीमैं परिमार्जनको आवश्यकता सहभागीले औंल्याएका छन् ।

यसैगरी, निर्वाचन खर्चिलो हुँदै गएको, अनुगमन प्रभावकारी बनाइनुपर्ने, कामका लागि विदेशमा रहेका नेपालीलाई मतदान गर्न पाउने व्यवस्थाका लागि कानून तर्जुमा गर्न सुझाव दिएको आयोगका उपसचिव डा थानेश्वर भुसालले जानकारी दिए । अन्तर्क्रियामा विद्युतीय मेशीनबाट मतदानको व्यवस्था गरिन सुझाव सहभागीले दिएका छन् ।

कार्यक्रममा आयोगका सचिव रविलाल पन्थी, सहसचिव, उपसचिव र अधिकृतको सहभागिता छ । छलफलमा प्राप्त सुझाव अबको रणनीतिक योजनामा गाभिने सचिव पन्थीको भनाइ छ । आयोगले मुलुकका सातवटै प्रदेशमा छलफल चलाइरहेको जनाएको छ । यसअघि लुम्बिनी र कर्णाली प्रदेशमा अन्तर्क्रिया सम्पन्न भएका छन् । अब मधेसपछि बाँकी तीन प्रदेशमा यस्ता कार्यक्रम सम्पन्न गरिएपछि रणनीति तर्जुमा लिपिबद्ध गरिने सचिव पन्थीले बताए ।

रणनीति तर्जुमा गरिनुअघि सरोकारवालाबीचको छलफलले आयोगका अहिलेसम्मका उपलब्धि र चुनौतीबारे जानकारी पाएसँगै अबको रणनीतिका लागि सुझाव दिन पाउने अवसर मिलेको बारा जिल्लाबाट सहभागी भएकी ज्योति साहको बताइन् ।

## भक्तपुर ...

कोरोना महामारीमा उपचार नपाउने अवस्थामा पहिलोपटक अस्पतालको जिम्मेवारी सम्हाल्न २०७६ मङ्सिर २० गते सिन्धुली अस्पतालबाट सरुवा भई आएकी डा सुमित्रा गौतमले अगाडि चौरमा तत्कालै अस्थायी कोरोना वार्ड स्थापना गरेर उपचार शुरू गरिन् । कोरोना महामारीमा राख्ने शय्याको अभाव । न आइसियू, न भेन्टिलेटर, न त जनशक्ति नै पर्याप्त थियो ।

उनको पहलमा अस्पताल स्थापना भएको ११५ वर्षपछि पहिलोपटक कोभिडकालमा भक्तपुरमा आइसियू सेवा शुरू भयो । बागमती प्रदेश सरकारले कोभिडका बिरामीहरूको उपचारका लागि भन्दै शुरूमा छ र पछि १० शय्या थप गरी १६ शय्याको सघन उपचार कक्ष (आइसियू) सञ्चालन भयो । त्यसपछि आइसोलेशन वार्ड, नवजात तथा बालबालिकाको जटिल उपचारका लागि २० शय्याको पिआइसियू र एनआइसियूसहित १८८ शय्यामा सेवा विस्तार गर्दै सङ्कटकालमा पनि गुनासो नआउने गरी अस्पतालले सेवा सञ्चालन गऱ्यो ।

चीनबाट पहिलोपटक उद्धार गरेर सरकारले खरिपाटीस्थित आइसोलेशन सेन्टरमा नेपाली विद्यार्थी ल्यायो । सर्वत्र त्रास फैलिएको बेलामा आइसोलेशनमा जाने चिकित्सक टोली तयार भएन । त्यो सङ्कटमा प्रदेश सरकारको आग्रहलाई स्वीकार्दै तत्कालीन मेसु डा गौतमको नेतृत्वमा भक्तपुर अस्पताल, क्यान्सर अस्पताल र मानव अङ्गका स्वास्थ्य टोली तयार पारेर चिकित्सकसहितको टोली आइसोलेशन सेन्टरमा खटियो ।

विसं २०७७ साउन २५ गते सङ्घीय मन्त्रालयको निर्णय अनुसार १०९ शय्या थप गरी यो अस्पताल २०९ शय्या सञ्चालनका लागि स्वीकृति प्राप्त भई कोभिड-१९ को महामारीकै समयमा कोरोनाको उपचार, अक्सिजन प्लान्ट सञ्चालनदेखि आइसियूमा रहेका बिरामी कुरुवाघरसमेत निर्माण भयो । कुरुवाघर, सुन्दर बगैंचा, बिरामी र आफन्त बस्ने विश्रामस्थललगायतका संरचना निर्माण हुँदा अस्पतालप्रति बिरामी र कुरुवाले ठूलै राहत महसूस गरे । निजी अस्पतालको भर परेका बिरामीसमेत यहाँ आउन थालेपछि बहिरङ्गतर्फ दैनिक तीन सय बिरामी आउने अस्पतालमा दैनिक आठ सय बिरामीको चाप पुगेको छ ।

'रिफरल सेन्टर'का रूपमा परिचित भक्तपुर अस्पताल गुणस्तरीय सेवाका कारण सरकारको मूल्याङ्कनमा पहिलोपटक बाग्मती प्रदेशको उत्कृष्ट अस्पताल घोषणा हुन सफल भयो । अहिले बाग्मती प्रदेश सरकारले यस अस्पताललाई तीन सय शय्यामा स्तरोन्नति गर्ने निर्णय गरी एक हजार ६६९ जना (प्राविधिकसहित) कर्मचारीको सङ्गठन संरचना स्वीकृत गर्दै अस्पतालको स्तरोन्नति गर्ने निर्णय गरेको छ । प्रदेश सरकारले यसै आर्थिक वर्षमा खरीद गर्नेगरी करीब रु आठ करोड मूल्यको सिटी स्क्यान मेशीन खरीद गर्ने भएको छ ।

अस्पतालकी निर्देशक डा गौतम अस्पताल आएका कुनै पनि बिरामी उपचार नपाई फर्किनु नपरोस् भनेर अस्पतालले २४सैं घण्टा आकस्मिक सेवा, स्त्रीरोग, प्रसूति सेवा, आमा सुरक्षा कार्यक्रम सञ्चालन गरेको बताउँछिन् । अहिले अस्पतालमा दूरबिन प्रविधिबाट शल्यक्रिया, अल्जाइमर्स, शल्यक्रिया, बालरोग, दन्तरोग, छालारोग, मानसिक रोग, फिजियोथेरापी, आँखा तथा चश्मा जाँच, स्वास्थ्य बीमा सेवा, अल्ट्रासाउन्ड सेवा, पाठेघरको निश्शुल्क शल्यक्रिया तथा निश्शुल्क प्रसूति सेवालगायत विभिन्न सेवा विस्तार भएको छ । अस्पतालले आफ्नै फार्मेसी सञ्चालनमा ल्याएर औषधि खरीदमा १० प्रतिशत छुट दिने व्यवस्था गरेको छ ।

त्यसैगरी, लैङ्गिक हिंसामा परेका महिला तथा पुरुषका लागि अस्पतालमा सञ्चालित एकद्वार सङ्कट व्यवस्थापन केन्द्र सञ्चालनमा ल्याएर कुनै पनि हिंसामा परेकालाई स्वास्थ्य सेवा, सुरक्षा एवं कानूनी सेवासमेत दिने व्यवस्था गरेको निर्देशक डा गौतम बताउँछिन् । अस्पतालले पेइङ क्लिनिक सेवा पनि सञ्चालनमा ल्याएको छ । अस्पतालको ओपिडी सेवा सकिएपछि दिउँसो ३ देखि र बिहान ९ बजे अगाडि पेइङ सेवा सञ्चालनमा ल्याएको हो । साथै विभिन्न जटिल शल्यक्रिया, खुट्टा, छाती, पेटलगायत विशेष अङ्गहरूको भिडियो एक्स-रे सेवा र प्रत्येक दिन बुधवार ३ बजेपछि अपाङ्ग बच्चा नजन्मियोस् भनेर गरिने भिडियो एक्स-रे अर्थात् एनोमली स्क्यान र दूरबिन प्रविधिबाट शल्यक्रिया सेवासमेत सञ्चालनमा ल्याएको छ ।

दुई वर्षमा अस्पतालको मुहार फेरेपछि दैनिक २५० देखि तीन सय बिरामीको उपचारमा आउने यस अस्पतालमा अहिले दैनिक आठ सयभन्दा बढी बिरामी आउने गरेका छन् । अस्पतालको सेवा खस्किएको भन्दै चौतर्फी आलोचना भएपछि पुनः २०७९ भदौ २९ गते भक्तपुर अस्पतालमा मेडिकल सुपरिटेन्डेन्टमा काज सरुवा भएर आफू आएपछि बन्द भएका बच्चाको आइसियू, एनआइसियूलगायत विभिन्न सेवाहरू सञ्चालन गरी प्रसूति सेवालाई समेत गुणस्तरीय बनाएपछि सरकारको मूल्याङ्कनमा पुनः ९८ दशमलव सात प्रतिशत अङ्क ल्याएर सातै प्रदेशका प्रदेशस्तरीय अस्पतालमध्ये उत्कृष्ट अस्पतालको पहिचान बनाउन सफल भएको बताइन् ।

अस्पतालकी निर्देशक डा गौतमले आफ्नो योजना, विकास समिति, सबै चिकित्सक, नर्स, कर्मचारीको अथक प्रयास र सेवा सुधारले आफ्नै कार्यकालमा पहिलोपटक २०७७ मा ७४ अङ्क, २०७८ मा ८४ अङ्क ल्याउन सफल हुँदै पहिलो अस्पताल र २०८० को मूल्याङ्कनमा ९७ अङ्क र यस वर्ष ९८ अङ्क ल्याएर देशकै उत्कृष्ट अस्पताल बनेकामा आफूलाई खुशी लागेको बताउँछिन् । अस्पतालकी निर्देशक डा गौतमको लगनशीलता, सेवामा गुणस्तरीयता र कर्मचारीको भरपर्दो साथले यस वर्ष पनि उत्कृष्ट अस्पताल घोषणा भएको भन्दै अध्यक्ष कायस्थले छिटोछिटो अस्पतालको नेतृत्व फेरबदल गर्न नहुने धारणा राख्छन् ।



वटसावित्री पर्व अन्तर्गत बिहीवार वीरगंजमा पीपलमा पूजा आराधना गर्दै महिलाहरू । तस्विर : नितेश कर्ण/प्रतीक


## गर्मीयाममा लाग्न सक्ने रोगबाट बचौं र बचाऔं

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसम अनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको र बासी खानेकुरा नखाऔं,
- खुला स्थानमा असुरक्षित तरीकाले राखिएका खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घरबाहिर हिंड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन र आसपासका क्षेत्र सफा राखौं,
- व्यक्तिगत सरसफाइमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड







### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |

## प्रिन्सिपलहरूको भेला



प्रस सिम्रौनगढ, २४ जेठ/

सिम्रौनगढ नगरपालिकाको संस्थागत विद्यालयका प्रधानाध्यापक तथा संस्थापकहरूको भेला सम्पन्न भएको छ।

सिम्रौनगढ नगरपालिकाको सभाकक्षमा भएको भेलाले इएमइएस कोड लिने र विद्यार्थीको सङ्ख्या अद्यावधिक गर्नेसम्बन्धी विषयमा छलफल भएको थियो।

सिम्रौनगढ नगरपालिका शिक्षा शाखा प्रमुख कमलेश अग्रहरीको अध्यक्षतामा भएको भेलामा रामचन्द्रप्रसाद जयसवाल, रामकिशोरप्रसाद यादव, राधामोहनप्रसाद यादवलगायतको सहभागिता थियो । कार्यक्रमको सहजीकरण कमलेशकुमार कुशवाहाले गरेका थिए ।

### हावाहुरीको ...

छन् भने लालपर्सा र रतनपुरमा ट्रान्सफर्मर नै पोलबाट खसेर क्षति भएको छ । वीरगंज-३० लालपर्सामा १० वटा पोल भाँचिएर ढलेको उनले बताए । यस्तै, वीरगंजको पावरहाउस चोकमा पनि पाँचवटा पोल ढलेको उनले बताए ।

ठाउँठाउँमा ढलेका पोल, तार र ट्रान्सफर्मर मर्मतको काम बिहानैदेखि शुरू गरिएको र अहिले पनि प्राविधिकहरू त्यस कार्यमैं लागिरहेको प्रमुख दुबेले बताए। प्राधिकरणका प्राविधिक र कर्मचारीहरू बिहानैदेखि खटेर काम गरिरहेका छन् । विद्युत् पोल ढलेका स्थानमा मरम्मतसम्भार कार्य भइरहेको र सोबाहेकका क्षेत्रमा दिउँसो २ बजेदेखि विद्युत् सुचारु गरिएको थियो ।

यसैगरी, कलैया र सिमरामा पनि थुप्रै विद्युत् पोल ढलेका छन् ।

## १६१२ किलो गाँजा बरामद

नितेश कर्ण, सर्लाही, २४ जेठ/

सर्लाहीको लालबन्दी नगरपालिका-१४ मिलनचोकबाट प्रहरीले एक हजार ६१२ किलो गाँजा बरामद गरेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

सूचनाको आधारमा प्रहरीले बुधवार सो स्थानमा छापा मारी एक हजार ६१२ किलो गाँजासहित १६ वटा गाँजा राख्ने ड्रम, बोरा र काठको गाँजा च्याप्ने मेशीन बरामद गरी अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय, सर्लाहीले जनाएको छ ।

# खेलकूदको संसार

## टी-२० विश्वकप क्रिकेट : अस्ट्रेलियाद्वारा ओमान पराजित

काठमाडौं, २४ जेठ/रासस

आइसिसी पुरुष टी-२० विश्वकप क्रिकेट प्रतियोगिता अन्तर्गत बिहीवार भएको खेलमा अस्ट्रेलियाले पहिलो खेलमा ओमानलाई पराजित गरेको छ । अस्ट्रेलियाले ओमानलाई ३९ रनले पराजित गरेको हो ।



बारबाडोसको ब्रिजटाउन मैदानमा ओमानले टस जितेर पहिला फिल्डिङ राजेको थियो । अस्ट्रेलियाले ब्याटिङ गर्दै निर्धारित २० ओभरमा पाँच विकेट गुमाएर १६४ रन बनायो । १६५ रनको लक्ष्य पछ्याएको ओमानको पारी नौ विकेटको क्षतिमा १२५ रनमा समेटियो ।

अस्ट्रेलियाका लागि मार्कस स्टोनिस र डेभिड वार्नरले अर्धशतकीय पारी खेले। स्टोनिसले ३६ बलमा छ छक्का र दुई चौकाको मदतमा सर्वाधिक ६७ रनको योगदान दिए। यस्तै, वार्नरले ५१ बल खेल्दै एक छक्का र छ चौका हान्दै ५६ रन बनाए । यस्तै, मिचेल मार्सले १४, ट्रभिस हेडले १२ तथा टीम डेभिडले १० रन बनाए । बलिङतर्फ ओमानका मेहरन खानले दुई तथा बिलाल खान र कलिमुल्लाहले एक/एक विकेट लिए ।

यसैगरी, ओमानका लागि १२५ रन बनाउने क्रममा आयान खानले सर्वाधिक ३६ रनको योगदान दिए। त्यस्तै, मेहरान खानले २७, अकिब इलियासले १८ तथा शकील अहमदले ११ रन बनाए। बलिङतर्फ अस्ट्रेलियाका लागि मार्क्स स्टोइनिसले तीन तथा नाथन एलिस, मिचेल स्टार्क र एडम जम्पाले दुई/दुई विकेट लिए ।

## प्रधानमन्त्री कप भलिबलमा एपिएफ विजयी

काठमाडौं, २४ जेठ/रासस

प्रधानमन्त्री कप एनभिए महिला तथा पुरुष भलिबल लिग अन्तर्गत बिहीवार भएको पुरुषतर्फको खेलमा विभागीय टोली नेपाल सशस्त्र प्रहरी बलको एपिएफ क्लब विजयी भएको छ ।




त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकूद परिषद् (राखेप)को कभर्डहलमा भएको खेलमा एपिएफले कोशी प्रदेशलाई ३-१ सेटमा पराजित गऱ्यो । खेलको पहिलो सेट २२-२५ ले गुमाएको एपिएफले त्यसपछिका लगातार तीन सेट आफ्नो पक्षमा पार्दै जीत हासिल गऱ्यो ।

एपिएफले खेलको दोस्रो सेट २५-१२, तेस्रो सेट २५-१४ र चौथो तथा अन्तिम सेट २५-१९ ले आफ्नो पक्षमा पाऱ्यो। जीतसँगै प्रतियोगितामा दोस्रो जीत निकालेको एपिएफले यसअघि बूढानीलकण्ठ क्लबलाई ३-१ को सेटमा हराएको थियो। त्यसैगरी, यसअघि भएको खेलमा एपिएफ गण्डकी प्रदेशसँग ३-१, नेपाल पुलिससँग ३-२ तथा आर्मी र हेल्प नेपालसँग समान ३-० सेटको हार बेहोरेको थियो ।

प्रतियोगितामा कोशी प्रदेशले अहिलेसम्म जीत हासिल गर्न सकेको छैन । कोशीले यसअघि आर्मी, हेल्प नेपाल, गण्डकी र नेपाल पुलिससँगको समान ३-० तथा सुदूरपश्चिमसँगको खेल ३-१ सेटमा पराजित भएको थियो ।

आजै भएको महिलातर्फको खेलमा न्यू डायमन्डले कर्णाली प्रदेशलाई ३-० र एभरेस्टले एपिएफलाई ३-२ को सेटमा पराजित गर्दै विजयी भएका छन् ।

## किशोरकिशोरी कार्यक्रमसम्बन्धी श्रीसियामा अभिमुखीकरण

प्रस, वीरगंज, २४ जेठ/

वीरगंज महानगरपालिका स्वास्थ्य तथा सामाजिक महाशाखा र जनस्वास्थ्य प्रवर्द्धन शाखा पर्साको आयोजनामा एक दिने किशोरकिशोरी कार्यक्रमसम्बन्धी 'स्वास्थ्य संस्थास्तरीय होलसाइट' अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

वीरगंज-२५ स्थित श्रीसिया स्वास्थ्य चौकीमा आयोजना भएको कार्यक्रममा वीरगंज महानगरपालिकाका श्रीसिया, विन्ध्यवासिनी, हरपतगंज, बगही, लालपर्सा गरी पाँचवटा वडामा लागू भएको र यसले आगामी दिनमा किशोरकिशोरीबीच हुने विभिन्न हिंसा न्यूनीकरण गर्ने जानकारी गराइएको थियो । १० देखि १९ वर्ष उमेर समूहका बालबालिकाहरूलाई किशोरावस्थाको उमेर भनिन्छ । जसमा किशोरकिशोरीहरूको सामाजिक,



तस्वीर: प्रतीक

शारीरिक, मनोवैज्ञानिकलगायतको वृद्धि विकास हुने उमेर भएकोले यसलाई खतरनाक उमेर समूह भनी विश्लेषकहरू विश्लेषण गर्छन् ।

कार्यक्रममा राष्ट्रमा दक्ष जनशक्ति उत्पादन हेतु जबसम्म किशोरकिशोरीमैत्री पालिका बन्दैन, तबसम्म उनीहरूको वृत्ति विकास हुन नसक्ने र भविष्यमा दक्ष जनशक्ति बन्न नसक्ने भएकोले यस्तो कार्यक्रम लागू भएको जनाइएको थियो ।

कार्यक्रममा यही उमेरमा शरीरका विभिन्न भागमा विभिन्न परिवर्तन देखा पर्छ, यसैगरी विभिन्न किसिमका हार्मोनको कारण सकारात्मक र नकारात्मक लक्षण देखा पर्छन्। उत्साह बढी हुने भएकोले यस उमेरका किशोरकिशोरीहरू जुन पनि काम गर्न जिद्दी गर्ने र यौन उत्तेजना पनि बढी हुने भएकोले यौन दुर्व्यवहारको शिकार हुने भएकाले यौन शिक्षा दिनुपर्ने आवश्यकता रहेको बताइएको थियो ।

अबदेखि नजीकको स्वास्थ्य संस्थामा किशोरकिशोरीहरूका विभिन्न समस्या समाधानका लागि एउटा छुट्टै कक्ष निर्माण गरी गोप्य किसिमले उनीहरूको समस्या सुन्ने, सम्बोधन गर्नेलगायतका काम गर्ने स्वास्थ्य तथा सामाजिक विकास शाखाकी इन्दिरा लोहनीले बताइन् ।

वडा नं २५ की वडासदस्य तेतरी देवीको अध्यक्षतामा भएको कार्यक्रममा वडासदस्य फुलेना देवी, जगदीश साह, सिकेन्द्र साह, नेराआवि श्रीसिया आदर्शचोककी प्रधानाध्यापिका अञ्जु साह, स्वास्थ्य चौकी श्रीसियाका इन्चार्ज शत्रुघ्न यादव, स्वयंसेविका, किशोरकिशोरीहरूलगायतको सहभागिता थियो ।

### सङ्घीय सरकारको ...

तथा सङ्घीय सांसदसँग पटकपटक आग्रह गरे पनि कसैले कुनै वास्ता नगरेका समितिका सदस्यहरूले गुनासो गरेका छन्।

आर्थिक वर्ष २०७४/७५ देखि हालसम्म कुनै पनि कार्य नगरिएको समितिका सदस्यहरूले बताएका छन्। सो कुलोबाट साबिक गाविस सुवर्णपुर, महादेवपट्टि, सेढवा र शङ्करसरैयाका किसानहरू प्रत्यक्ष लाभान्वित हुने देखिन्छन्।